२०५८ सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष १०, अङ्क ३, पूर्णाङ्क ३७ (Year 10, Vol. 3, Issue 37 ) भाद्र, २०७२ / Sept. 2015, SAHAMATI SANDESH

## भूकम्प प्रतिकार्य विशेष

### संस्थागत भनाई



नेपालको भौगोलिक बनौटकै कारणबाट सबैभन्दा डरलाग्दो (विना कुनै संकेत एक्कासी आइलाग्ने) प्रकोप भूकम्प हो । भूकम्पीय दृष्टिकोणले विश्वमै अति संकटमा रहेको देशहरुको सूचीमा रहेको छ नेपाल । नेपालको इतिहासमा वि.सं.१९९० को विनासकारी भुकम्पले धेरै जनधनको क्षति भएको कुरा अहिलेका पिढीले इतिहासको रुपमा लिने गरेका छन् । त्यसपछि वि.सं. २०४५ सालमा गएको भूकम्पको अनुभूति गर्नेको संख्या अलि बढी छ भने यस वर्ष अर्थात् २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछि गएका धेरै पराकम्पनहरुमध्ये वैशाख १३ र वैशाख २९ को शक्तिशाली पराकम्पनले सबै नेपालीलाई सजक र सचेत बनाएको छ । विश्वका अन्य मुलुकहरुमा यो भन्दा पनि बढी शक्तिशाली भुकम्पहरु आएको सुनिएको छ तर तुलनात्मक किसिमबाट नेपालमा ठूलो धनजनको क्षति भएको छ । यसो हुनुको प्रमुख कारण यहाँको भू-बनोट नै पहिलो कारण हो भने अर्को कारण नेपालीहरुलाई यस अघि भुकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी सामान्य प्रविधिको पनि ज्ञान नहुनु हो । नेपालको भु-बनोटलाई मध्यनजर राखेर सरकारी तहबाट प्रकोप जोखिमलाई हेरी भौतिक निर्माणका कार्यहरुलाई व्यवस्थित गर्नुपर्ने र सो अनुसार भौतिक निर्माण संहिता बनाई कडाईका साथ लागु गर्नुपर्नेछ । अन्य प्रकोपहरुको तुलनामा भूकम्प अलि छुट्टै प्रकृतिको भएकोले यसको लागि रोकछेक गर्न सकिने कुरा नभएकोले यसको जोखिम कम गर्नका लागि पूर्व तयारीमा जोड दिनुपर्दछ ।

गत वैशाखमा गएको विनाशकारी भुकम्पले नेपालका मध्य तथा पूर्वि भागका धेरै जिल्लाहरुलाई प्रभाव पारेको र धेरै जनधनको क्षति भएकोले सबै सरकारी तथा गैरसरकारी निकायहरुको ध्यान यस क्षेत्रको पुन निर्माणतर्फ गइरहेको छ । यसै सन्दर्भमा सहमति संस्थाले पनि आफ्नो आन्तरिक स्रोत परिचालन तथा सहयोगी संस्थाहरुको सहकार्यमा नवलपरासीका पहाडी गाविसहरु १५३ घर निर्माण तथा एउटा सामुदायिक भवन निर्माण सहयोग गरेको छ । त्यस्तै गरी पूर्वका अति प्रभावित जिल्लाहरुमध्ये सिन्धुपाल्चोक र दोलखामा नगदमा आधारित कार्यक्रम मार्फत सामुदायिक निर्माणका कार्यहरु भइरहेका छन् भने अर्को प्रभावित जिल्ला सिन्धुलीमा पनि नगदमा आधारित कार्यक्रम सामुदायिक निर्माणका कार्यहरु भइरहेका छन् । यो विपद्को बेलामा सहमति संस्थाले केही हदसम्म भए पनि राहत तथा पुन निर्माण कार्यमा सहयोग गर्ने मौका मिल्यो । यो कार्यमा सहयोग र सहकार्य गर्ने अवसर प्रदान गर्ने सहयोगी संघसंस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । यस विपद्को घडीमा संस्थाको तर्फबाट स्वयमसेवी रुपमा खट्नु हुने साधारण सदस्यज्यूहरु, कर्मचारी साथीहरु र सहकर्मी कार्यसमितिका साथीहरुलाई पनि धन्यवाद दिन चाहन्छु । साथै संस्थाद्वारा नियमित रुपमा प्रकाशन हुँदै आएको सहमति सन्देशको यो "भूकम्प प्रतिकार्य" विशेष अंक प्रकाशनका क्रममा महत्वपूर्ण लेखहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण साथीहरु, सम्पादन टोलीका साथीहरु, प्रकाशनका लागि लेख संकलन तथा संयोजनमा लागि पर्ने रीता कुमाललाई विशेष धन्यवादका साथै प्रकाशनमा सहयोग गर्ने अक्सफामलाई आभार प्रकट गर्दछु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष

### हार्दिक मंगलमय शुभकामना

नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

### यस भित्र .......

- भूकम्प प्रतिकार्यका क्रममा संस्थागत एवं विभिन्न साझेदारी कार्यक्रमहरुबाट भएका प्रयास तथा कार्यक्षेत्रको वस्तुस्थितिका सम्बन्धमा लेखिएका लेख तथा रचनाहरु ।
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको उपलब्धीहरु ।
- भूकम्प प्रभावित समुदायलाई कार्यक्रम एवं संस्थागत रुपमा सहयोग तथा राहत सामाग्री वितरणका झलकहरु ।

# सहमति सन्देश

वर्ष–१०, अङ्क–३, पूर्णाङ्क–३७

(भाद्र २०७२)

**संरक्षक**

रत्नप्रसाद सापकोटा

अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**

रीता कुमाल

**सम्पादन**

अशोकराज पोखरेल

सरोज भुषाल

**विशेष सहयोगी**

रविन्द्रनाथ अधिकारी

सुन्दर बाबु बानिया

शिव सुवेदी

धनप्रसाद पौडेल

विकास सापकोटा

दीर्घमणि पोखरेल

डिल्लीराज पौडेल

नगेन्द्र बस्नेत

गणेशराज गिरी

सुरेश पौडेल

**प्रकाशन सहयोगी**

OXFAM

अक्सफाम नेपाल

**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०५६–५०२०९०, ५०२३७३

फयाक्स : ०५६–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

**मुद्रण :**

शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


## सम्पादकीय.........

१९९० साल माघमा गएको विनाशकारी भुकम्पले काठमाण्डौं लगायत त्यस वरिपरीका जनजीवनलाई ध्वस्त बनाएको स्मृति ताजा रहँदै गर्दा त्यसको ठीक ८२ वर्षमा फेरी (२०७२ वैशाख १२ गते) त्यस्तै विध्वंशकारी महाभुकम्पले नेपाली जनजीवनलाई सन्त्रास तुलाउनको साथै झण्डै ९ हजारको ज्यान जानुको साथै २० हजार भन्दा बढी घाइते भए र ६०० अरव भन्दा बढीको भौतिक सम्पत्तिमा क्षति भएको आंकलन गरिएको छ । त्यस्तै अति बहुमुल्य सामाजिक, सांस्कृतिक, पुरातात्वीक सम्पदाहरु गुमेका छन् । यस प्रकारको अकल्पनीय प्राकृतिक दुर्घटनाले सिङ्गो राष्ट्र नै मर्माहत हुन पुग्यो । जसको अहिले वर्णन गर्दा समेत पीडाको बोध हुन्छ ।

भुकम्पीय जोखिमको दृष्टिकोणले नेपाल विश्वमा ११ औं स्थानमा पर्दछ । त्यसो त गहकिलो विषयको रुपमा हामीहरुको माझमा प्रकोप विद्यमान छ । वास्तवमा विपदबाट हुन सक्ने क्षतिको बारेमा पूर्व अनुमान गर्न ज्यादै गाह्रो हुने हुँदा यस सम्बन्धी पूर्व तयारीका कार्यहरु नै उत्तम उपाय हो भन्ने विश्वासकासाथ विभिन्न किसिमका कार्यक्रमहरु सरकारी, गैरसरकारी क्षेत्रहरुबाट कार्यान्वयन भएका छन् । जसका अति सफल, प्रभावकारी अभ्यास एवं प्रयासहरुको खोजी गर्नु र त्यसलाई सन्देशको रुपमा व्यापकिकरण गर्नु विकासकर्मीहरुको सामाजिक धर्म पनि हो । यति मात्र नभई प्रकोप जोखिम न्यूनीकरण, आपतकालिन प्रतिकार्य, राहत सामाग्री सहयोग आदि जस्ता नविनतम कार्यबाट प्राप्त अनुभव र सिकाइलाई विपद प्रभावित समुदायहरुमा विस्तार गरी सो सम्बन्धी ज्ञान, सीप एवं क्षमता विकास गर्न पनि हामीहरुको दायित्व हुन आउँछ ।

यस सन्दर्भमा नेपालमा जोखिम न्यूनिकरण, विपद् व्यवस्थापन र यसबाट हुनसक्ने प्रतिकल असरहरुलाई कम गर्न प्रयासरत संस्था मध्येको एक हो सहमति भनेर परिचित गराउन चाहान्छौं । सहमति संस्थाले समुदाय, जिल्लादेखि राष्ट्रियस्तरसम्म सकारात्मक प्रभाव पार्ने गरी विपद व्यवस्थापन, प्रकोप जोखिम न्यूनिकरणका लागि जीविकोपार्जन कार्यक्रम, जोखिम न्यूनिकरणका लागि पूर्वसूचना प्रणाली, स्थानीय स्रोत व्यवस्थापनका लागि सामाजिक परिचालन कार्यक्रम, खाद्यसुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु विगतमा सञ्चालन गरिसकेको छ भने हाल बाढीको समयमा संकटासन्न समुदायले आफ्नो जीवन रक्षा गर्न सक्ने, आवश्यकता अनुसार तुरुन्तै प्रतिकार्य गर्न सक्ने र जीविकोपार्जनको वैकल्पिक स्रोतहरुको पहिचान गर्नका लागि नेपाल भारत सीमा बाढी उत्थानशील समुदाय परियोजना र जीविकोपार्जन सशक्तिकरण कार्यक्रम अन्तर्गत आफ्नो कार्यक्षेत्रका प्रत्येक गाविससँग सहकार्य गरी रहेका सहकारी संस्थाहरु जसले विपद व्यवस्थापन कोष खडा गरेका छन् । उनीहरुले बढी क्षति पुऱ्याएको सदस्य परिवारमा राहत स्वरुप केही सहयोग पुऱ्याएको अवस्था छ भने भूकम्पछि आउन सक्ने अन्य जोखिमहरु जस्तै पहिरो, बाढी, चट्याङ र जैविक प्रकोप जस्ता महामारी रहेको अवस्थालाई ख्याल गरी आफ्ना क्रियाकलापलाई परिमार्जन गरेको छ । अर्कोतर्फ हालै गएको प्रलयकारी भुकम्प पश्चात् अति प्रभावित १४ जिल्लामध्ये सिन्धुपाल्चोक र दोलखामा पनि आपतकालिन अवस्थामा नगदमा आधारित कार्यक्रम सञ्चालन भएको छ । जसले मुख्यतया भुकम्प प्रभावित क्षेत्रका व्यक्तिहरुलाई अत्यावश्यकीय खाद्य र गैरखाद्य वस्तु खरिदका लागि नगद अनुदान मार्फत ऋयशक्ति बढाउने तथा जीविकोपार्जन गतिविधि पुन: सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउने रहेको छ । त्यसैगरी हाल सञ्चालित ग्रामिण युवा विकास कार्यक्रमबाट आफ्नो कार्यक्षेत्रका (पहाडि ६ गाविस) १५० भुकम्प प्रभावित घरधुरीमा विभिन्न राहत सामाग्री एवं अस्थायी आवास निर्माणका लागि सामाग्री तथा प्राविधिक ज्ञान, सीप सहयोग गरेको छ । त्यसैगरी विभिन्न जिल्लामा संस्थागत तथा कार्यक्रमगत रुपमा भुकम्प प्रभावितहरुलाई सहयोग पुग्ने हेतुले जिल्ला दैवि प्रकोप उद्धार समिति मार्फत प्रधानमन्त्री राहत कोषमा नगद सहयोग गरिएको छ ।

विपद्सँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित रही समय सान्दर्भिक मुद्दालाई जुझारु रुपले उठान गरेर समुदायमा सकारात्मक सन्देश छर्ने कार्य सहमतिले हिजो पनि गरेको थियो । आज पनि गरिरहेको छ र भोली पनि यसलाई निरन्तरता दिनेछ । वास्तवमा विपद् आइसकेपछि प्रतिकार्य, आपतकालीन सहयोग जस्ता मुद्दामा केन्द्रित रहेर छलफल भन्दा पनि जोखिम न्यूनिकरणका उपाय, पूर्व तयारी बारे सुसुचित तथा सचेत हुन सक्यौ भने यसको क्षति न्यून गर्ने कुरामा दुईमत छैन । जसको लागि संस्थागत एवं कार्यक्रमगत रुपमा आफ्नो कार्यक्षेत्रमा जहाँ जुन प्रकोपको सम्भावना छ त्यसको पहिल्यै पहिचान र पूर्वतयारी गर्नु आजको टड्कारो आवश्यकता हो । त्यसैगरी हरेक समुदाय, वार्डस्तरमा विपद् पूर्व र विपद् पश्चात् सक्रिय तथा प्रभावकारी नेतृत्व गर्ने उत्तरदायित्व निकाय/समिति गठन हुनु पनि त्यतिकै आवश्यक छ । यहि सोचकासाथ विपद् प्रतिकार्य, जोखिम न्यूनीकरणका प्रयासहरु, संस्थागत एवं परियोजनागत सिकाइ र सोसँग सम्बन्धित लेख, रचनाहरु समावेश गरी यस "भूकम्प प्रतिकार्य विशेष" तयार गरिएको छ । यसलाई अध्ययन गरेर हाम्रा सम्पूर्ण सरोकारवालाहरु, समुदाय, दातृ निकाय, सरकारी कार्यालय, संस्थाहरुमा विपद व्यवस्थापन, जोखिम न्यूनीकरण प्रयासका सम्बन्धित ज्ञान अभिवृद्धि गर्न सहयोग पुग्नेछ भन्ने अपेक्षा राखेका छौं । ❖❖❖

# भूकम्पः म्याग्दीमा परेको असर र सिकाई, एक अनुभूति

✍ शिव सुवेदी
बालिका शक्ति परियोजना, म्याग्दी



लगातार २ दिन बिदा परेकोले २०७२ साल वैशाख ११ र १२ गते हामी ६ जना साथीहरुसँगै खाना खाने निधो गऱ्यौं । ११ गते बिहान-बेलुकी र १२ गते बिहान सँगै पकायौं, सँगै खायौं दुःख, सुखका कुराहरु एकापसमा साट्यौं । यसै क्रममा १२ गते खाना खाइवरी ३ तलामाथि रुममा बसेका बेला घर पुरै हल्लिन थाल्यो, हतार हतार सबै जना घरबाहिर त निस्क्यौं तर वेनी बजार आफैमा साँघुरो त्यसमाथि अग्ला अग्ला घर ढुलुकढुलुक गर्दा अब बच्न सकिँदैन कि भन्ने लाग्यो तैपनी बच्नको लागि एताउता गर्दैगर्दा नजिकैको एक कच्ची घरको भित्ताबाट ढुंगा खसी धुलोको मूस्लो निस्कियो झन डर लाग्यो । वेनीबासी सबै कोही कता कोही कता भागाभाग भयो, एकछिन अघिसम्म काम गरेको ल्याण्डलाइन फोन र नेपाल टेलिकमको नेटवर्कले काम गर्न छोड्यो तर एनसेलले भने आफ्नो सुविधा दियो, यताउता फोन गरेर परिस्थिति थाहा पाउन सजिलो भयो । ४८ घण्टासम्म पुनः भूकम्प आउने हल्लाले गर्दा बेनी बजारभन्दा अलि बाहिर ननिदाइकन बस्ने निधो गरियो,। यद्यपी साथी प्रदिपको घरबाट उहाँको दिदी र भान्जाको बारेमा अलि अपुष्ट अशुभ खबर सुन्दा निकै दुखित भयौं । फिल्डमा टीमको साथीहरु, गैंडाकोटतिर, नजिकका साथीभाई सबैसँग ढिलोचाँडो सम्पर्क भयो सबैतिर सबैजना ठीक हुनुहुन्छ भन्ने त सुने तर देशमा आएको यस्तो विपद्ले हृदय नै छियाछिया बनायो । न विद्युत छ, न त फोनले राम्रोसँग नै काम गर्छ, सामाजिक सञ्जाल फेसबुकका माध्यमबाट देशभरीका दुखद समाचारहरु हेर्नु र पढ्नु सिवाय कुनै उपाय थिएन । काठमाण्डौं, सिन्धुपाल्चोक, गोरखा र दोलखालगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको सुन्दा, विभिन्न हृदयविदारक दृष्यहरु देख्दा मुटु चिरिएर आउँथ्यो, आखा आँसुले भरिन्थ्यो हामीले हजारौं नेपाली आफन्त गुमायौं, हाम्रा पुरातात्विक पहिचान र आस्थाका धरोहर गुमायौं, ठूलो क्षतिले देशलाई छियाछिया बनायो, हाम्रो मनलाई अमिलो बनायो, कहिल्यै भुल्न नसकिने भयानक चोट दियो । तर आखिर सहनैपर्ने हामीले सह्यौं, प्राकृतिक विपत्ति न त पहिल्यै फोन गरेर आउँछ, न त सिठी बजाएर नै आउँछ, आएपछि मात्र थाहा हुने जे भए पनि सहनै पर्ने, सहन हामी विवश थियौं ।

१३ गते बिहानैदेखि कार्यक्षेत्रमा भएको क्षतिको अवस्थाबारे बुझ्नतिर लागियो । म्याग्दीमा भएको समग्र क्षति र अनुकुलन सम्बन्धि प्रयासहरु जिल्ला विपद् व्यवस्थापन समितिले तुरुन्तै थाल्यो । जिल्ला प्रशासन कार्यालय म्याग्दीको अगुवाइमा हरेक राजनैतिक दल, सरकारी कार्यालयहरु, देशविदेशका संघसंस्था एवम् सचेत म्याग्दीबासीहरु क्षतिको सूचना संकलन, राहत र पुनर्स्थापनामा निकै राम्रो तालमेल, संयोजन र सुझबुझकासाथ जसले जति जहाँबाट सक्छ त्यहींबाट भूमिका खेल्ने कार्य भयो । सुरुमा १०० घरमा मात्र बढी क्षति भएको सुनिएकोमा पछि ५ सयभन्दा बढी घरमा बस्न नमिल्ने गरी क्षति भएको र धनको क्षति भए पनि जनको क्षति नभएको प्रारम्भिक आँकडा निकाल्यो विपद् व्यवस्थापन समिति र जिल्ला रेडक्रसले । थुप्रै पटकका बैठक, छलफल र बहसहरु विपद् व्यवस्थापन समितिको अगुवाईमा भए, सहयोग जुटाउने तथा प्रतिकार्य गर्ने कार्यमा विपद व्यवस्थापन समितिको भूमिकाको धेरैले प्रशंसा गरे ।

हामी पनि म्याग्दीमै कार्यरत भएकोले सक्दो कोशिस, जे सकिन्छ त्यही प्रयासको थालनी गर्नुपर्छ भन्ने सोच्यौं, गैर सरकारी संस्थासँग आन्तरिक स्रोत के नै हुन्छ र यद्यपी हामीले काम गर्ने २७ गाविसका दिदीबैनीहरुसँग फोनमा कुरा गरी बैशाख २३ गते एउटा अन्तर्क्रिया आयोजना गर्‍यौं । २७ मध्ये २३ गाविसका २३ जना सहकारीका दिदीबैनीहरु र हामी सँगै बस्यौं, भूकम्प जाँदाका अनुभवहरु, परेका दुखसुखका क्षणहरु साटासाट गर्‍यौं । सारा देश नै रोइरहेको बेला सहकारीहरुले के गर्न सक्छन, सामाजिक दायित्व सहकारीहरुको हुन्छ कि हुँदैन वा सहकारीहरुले कस्तो भूमिका खेल्न सक्छन भन्ने विषयमा निकैबेर कुराकानी गर्‍यौं । साथै यस्ता प्राकृतिक वा मानवसिर्जित विपत्तिका बेला महिला सहकारीले आफ्ना सदस्यको हितका लागि के गर्न सक्छन सम्भावनाहरुको खोजी भयो । निष्कर्षमा सबै सहकारीले जे जति क्षमता छ त्यही अनुरुप रकम संकलन गरी जिल्ला विपद व्यवस्थापन समितिमार्फत् म्याग्दीकै भूकम्प प्रभावित घरपरिवारलाई नगद नै हस्तान्तरण गर्ने टुंगोमा पुग्यौं । साथै भोलीका दिनमा सबै सहकारीमा यस्तै विपद् आइलाग्दा सदस्यलाई सहयोग गर्नकै लागि भनेर एउटा सदस्य कल्याण तथा विपद् व्यवस्थापन कोष खडा गर्ने निर्णय भयों । उता सहमति कार्यसमितिको बैठकले पनि सहमतिमा कार्यरत् सम्पूर्ण कर्मचारीहरुको ३ दिन बराबरको तलब स्वेच्छिक रुपमा योगदान गरी एउटा कोष बनाई कार्यरत् जिल्लाहरुमा सहयोग गर्ने निर्णय गर्‍यो । यसरी २३ वटा महिला सहकारीहरुले उतिखेर नै बैठककै बेला रु.१,२३,५१५ (अक्षेरुपी एक लाख तेइस हजार पाँच सय पन्ध्र) उठाए । सो रकममा सहमतिको तर्फबाट रु १५,००० थप गरी कुल रु.१,३८,५१५ (एक लाख अठ्तिस हजार पाँच सय पन्ध्र मात्र) जिल्ला विपद व्यवस्थापन समितिको बैंक खातामा जम्मा गराई बैंकमा रकम जम्माको भौचर जिल्ला विपद् व्यवस्थापन समितिको संयोजक एवम् प्रमुख जिल्ला अधिकारीलाई सबैजना गई हस्तान्तरण गऱ्यौं, सहयोग गरिएको रकम सही तरिकाले समयमा

नै भूकम्पपीडित म्याग्दीबासीले पाउन भन्ने चिन्ता सबैले जस्तै प्रमुख जिल्ला अधिकारीसमक्ष सहकारीका दिदीबैनीहरुले पनि व्यक्त गर्नुभयो, प्रमुख जिल्ला अधिकारीले रकम समयमै भूकम्प पीडितसमक्ष पुग्ने कुरामा आश्वस्त पार्नुभयो, अनि फर्कियौं, सानै भए पनि राज्यलाई एउटा सचेत नागरिकका हैसियतले साथ दिन पाएकोमा हामी र सामाजिक उत्तरदायित्व निर्वाह गरेकोमा सहकारीका दिदीबैनीहरु अत्यन्त भावुक भयौं ।

म्याग्दीमा भूकम्पले घरहरु र विद्यालयमा मात्र क्षति पुर्‍याएन निष्कोट, मुना, दरबांग, राखुभगवती, राम्चे, ओखरबोट लगायतका कम्तीमा विभिन्न १३ ठाउँहरुमा जमिनमा चिरा पारेर गयो, हल्लाएर त गयो जमिन पनि छोडेन, यसले हामीलाई निकै त्रसित तुल्यायो, दुखी बनायो वर्षायाममा झन के हुने हो भनेर । म्याग्दीमा पहिरो जान बर्खा लाग्नुपरेन, पानी पर्नुपरेन, २०७२ जेष्ठ ९ गते शनिबार राती सुक्खा पहिरो गई राखुभगवतीको बैसरी भन्ने ठाउँमा पसल र होटल गरि बसेका २६ घरमा बिचल्ली बनायो, सबैको उठिबास बनायो, सबैलाई धरधरती रुवायो धन्न पहिले नै जिल्ला प्रशासनको कुशल सतर्कता र बुद्धिमानीले गर्दा सबै बैसरीबासीलाई सुरक्षित ठाउँमा सारिएको थियो, धनको क्षति भए पनि जनको क्षति हुनपाएन । नयाँ वर्ष २०७२ बैशाख १ गते खाजा खाएको पुर्ख पुन दाई र भाउजु लगायत सफा, चिटिक्क बजारको यादले निकै छट्पटि बनायो । बैसरबासीलाई उठीबास मात्र गराएन पहिरोले प्रसिद्ध, पवित्र कालीगण्डकी नदीलाई नै चिप्रिक्कै थुनिदियो, १० गते बिहान ५ बजे उठ्दा त काली नदी फुटेर वेनी बजार नै असर गर्ने देखेर अधिकांश बजारबासी सुन्दर वेनी नै छाडी यताउता गइसकेका रहेछन् । साथीले फोन गर्नुभो पत्याइन प्रशासनमा फोन गरे, हो रैछ, अनि सबै कार्यरत् साथीहरुलाई वेनी नआउन आग्रह गरें, हामी वेनीमा हुने साथीहरु रत्नेचौर हुँदै बागलुंगतिर लाग्यौं १० गते बेलुकीतिर नदी थुनिएर बनेको तालबाट पानी ओभरफ्लो भई बग्न थालेको थाहा भयो, बाग्लुंगको मालढुंगा गई पानीको बहाव हेर्नेको ताँती थियो हामी नी त्यसै गर्‍यौं नदी उर्लिएर आयो धन्न कुनै क्षति भएन, नदीलाई नमन गरेउँ, धन्य काली तिमी आफु थुनिँदाको पीडा अरुलाई महशुस गराईनौं मन द्रवित भयो ।

भोलीपल्ट ११ गते बैसरी जाने निधो गर्‍यौं प्लान नेपालबाट पदमराज लामिछाने र नितु आचार्य एवं सहमतिबाट म स्वयं र पुष्पा खनाल गरी ४ जना पहिरो गएको ठाउँ गयौं, बैसरी बजार बगरमा परिणत भएको देख्यौं, मुक्तिनाथ जाने बाटो छुँदैछैन, गाउँघरको स्थानीय केरा कहिल्यै नटुट्ने बैसरी बजार र दानातिर आउँदाजाँदा खानेगरेको लोभलाग्दो केरा अब त्यहाँ कसले खाउँ भन्नु, हामीलाई मायाका साथ बाबु केरा खानुहुन्छ ? आज त हाँसको लोकल अण्डा र मासु पनि छ लिनुहुन्छ ? भन्ने पुर्ख दाईको बोली झलझली सम्झें, मुक्तिनाथ जाँदा जो कोही पनि एकछिन विश्राम गरेर सफा र मिठो खानेकुरा खानेगरेको बजार अब कहिल्यै फर्किन नसक्ने गरी हराएको थियो ।

स्वस्थानी व्रतकथामा उल्लेख भए अनुसार आफनै पिता दक्ष प्रजापतिले आफ्ना पति महादेवप्रति गरेको अपमान सहन नसकी अग्नीमा आत्मदाह गरेकी सतिदेवीको मृत देह महादेवले काँधमा राखी डुल्ने क्रममा सतिदेवीको गला खसेको ठाउँ, यशियाकै ठूलो मानिएको ९ रोपनी क्षेत्रफलमा फैलिएको बिशाल शिलामा रहेको गलेश्वरधाम, प्राचीनकालमा हिमालय मुहान भई दुईतिरबाट बग्दै पछि भेट्ने बाचासहित बगेका काली नदी र म्याग्दी नदी साविकको पुलाचौर गाविसमा मिसिई कालीगण्डकी नदीको रुपमा बगेका र ती दुवै नदीको पवित्र संगम रहेको पुलाचौरमा पुलस्त्य ऋषिले तपस्या र आराधाना गरेका अनि रामायणमा उल्लेख भएका रावण जन्मिएको पवित्र भूमि पनि म्याग्दी जिल्लामा पर्दछ । साथै विश्वको गहिरो अन्धगल्छी र प्रसिद्ध रुप्से झरना भएको दाना गाविस, धौलागिरी हिमाल र गुर्जा हिमाल रहेको मुदी गाविस अनि रमणीय टोड्के क्षेत्र, प्राकृतिक उपचारका लागि विश्वप्रसिद्ध सिँगा तातो पानीसमेत सहमतिको कार्यक्षेत्रभित्रै पर्दछन्, जोकोही पनि एकपटक आएपछि लोभ्याइ हाल्ने म्याग्दी फर्केर जाने जोकसैले पनि हतपत्त भुल्नसक्तैन यस्तो रमणीय जिल्ला र भौगोलिक सुन्दरताले भरिएको जिल्लालाई अहिले फेरी भारी वर्षाको कारण विभिन्न ठाउँमा गएको पहिरोले तर्साएको छ । मुदी गाविसमा पहिरो गई ६ जनाको ज्यान गएको छ भने मुना गाविसमा १ जनाको ज्यान पहिरोले लिएको छ । साथै भूकम्प जाँदा जमिन चर्कर जोखिममा परेको मुना गाविसको दर गाउँबाट वस्ती नै सार्नुपर्ने बाध्यता आइलागेको छ भने ओखरबोट र निष्कोट लगायतका गाविसमा पनि वस्तीहरु जोखिममा परेका छन् ।

प्रकृतिसँग केही लाग्दैन, प्रकृतिको आफ्नै नियम हुन्छ, मानिस प्रकृतिको नियमअनुसार चल्नैपर्छ, जस्तोसुकै परिस्थिति आईपरे पनि प्रकृति र प्रकृतिसिर्जत् अवस्थासँग अनुकुलित हुनुको विकल्प छैन । यी सबै विपद आफ्नै मनले छाम्न पाउँदा, भोग्नु पर्दा लाग्छ मानिसहरु किन झगडा गर्ने, यो जात उ जात किन भन्ने, अरुप्रतिको धारणा किन नराम्रो बनाउने, आफैभित्र इगो किन पाल्ने, अरुको इर्ष्या किन गर्ने, कोही ठूलो कोही सानो अनि कोही धनी कोही गरिब भनेर किन रेखा कोर्ने आखिर भुकम्प आउँदाखेरी हामी सबै एकै ठाउँ न आयौं, भूँईमा, खाली जमिनमा बस्यौं, आकाश छानो मानेर जे छ त्यसैमा सन्तोष लियौं, सबैभन्दा सुरक्षित त हामी आफैले बनाएका हाम्रा घर होइनरैछन, सुरक्षित त त्यही खुला आकाश रैछ, आखिर प्रकृति न हो उसले कसैलाई पनि फरक व्यवहार गरेन, एउटै देख्यो, समान व्यवहार गर्‍यो, कसैलाई हल्लाउने र कसैलाई नहल्लाउने गरेन, आफन्त नातागोता र पराई भनेन, प्रकृतिको यो नियमबाट हामी पनि केही सिक्ने कि ?

❖❖❖

# भुकम्प प्रतिकार्य र जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम

✍ सुन्दरबाबु बानियाँ
कार्यक्रम संयोजक, जीविकोपार्जन तथा शसक्तिकरण कार्यक्रम

२०७२ साल वैशाख १२ गते गोर्खाको वारपाक केन्द्रविन्दु भई गएको ७.८ रेक्टर स्केलको शक्तिशाली भुकम्पले देशको धेरै भूभागमा विनाश गऱ्यो । यसमा ८,८४५ जनाको मृत्यु भयो । २० हजारभन्दा बढी घाइते भए । ६०० अरव बढीको भौतिक क्षतिको आंकलन छ । अति बहुमूल्य सांस्कृतिक सम्पदाहरु गुमेका छन् । त्यसपछि पटक पटक आएका ठूला साना पाराकम्पनले अझै छाडेको छैन । ४.०० रेक्टर स्केल माथिको परकम्पनको गणना १०० दिन आसपाससम्म ३६७ पटक पुगेको राष्ट्रिय भुकम्प मापन केन्द्रले रेकर्ड गरेको छ । सरकारले यस पटकको भुकम्पबाट क्षति पुगेको आधारमा जिल्ला अनुसार वर्गिकरण गरेको छ । जस अनुसार मध्य नेपालका १४ वटा जिल्ला बढी प्रभावित देखिन्छन् । त्यसै वर्गिकरणका आधारमा सरकारी उद्धार, राहत र पुननिर्माण कार्यहरु प्राथमिकतामा परेका छन् । उक्त वर्गिकरण अनुसार हेर्ने हो भने हाम्रो जिल्ला नवलपरासी कम प्रभाव पर्ने जिल्लामा पर्दछ । यद्यपी ठूलो क्षति नभए पनि १ जनाको मृत्यु भएको र यहाँका धेरै गाविसहरुमा सयौं घरहरु पूर्ण क्षति भएको र त्यो भन्दा ठूलो संख्यामा घरहरु आंशिक चर्किएका र पुन मर्मत नगरी बस्न नहुने अवस्थामा पुगेका छन् । जिल्लाका पहाडी गाविस रुचाङमा नै १ जनाको मृत्यु भएको थियो भने घर/गोठ क्षति पनि भित्री मधेस र तराई क्षेत्रमाभन्दा पहाडी गाविसमा बढी भएको आँकडा छ । जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम (Livelihood & Empowerment Project-LEP) सञ्चालित गाविसहरु बुलिङटार, अर्खला, जौवारी, भारतीपुर, नरम, मिथुकरम र रुचाङ गाविस पनि जिल्लामा बढी प्रभावित गाविसमध्ये पर्दछन् । यी गाविसका बासिन्दाहरु भुकम्प गएको हप्तादिनसम्म आफ्नो घर छाडी अस्थायी प्रकृतिका वासस्थान खुल्ला ठाउँमा बनाएर बस्न बाध्य थिए ।

जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम र यससँग जोडिएको साझेदार दातृसंस्था अक्सफामको यस क्षेत्रमा उद्धार, राहत र पुनस्थापनामा प्रत्यक्ष रुपमा सक्रिय नभए पनि अन्य निकायसँग समन्वय गरी सहकार्यमासँगै रहेको थियो । यस्तै LEP का प्रत्येक गाविसमा सहकार्य गरी रहेका सहकारी संस्थाहरु जसले विपद् व्यवस्थापन कोष स्थापना गरेका छन् । उनीहरुले बढी क्षति पुऱ्याएको सदस्य परिवारमा राहत स्वरुप केहि सहयोग पुऱ्याएको अवस्था रहेको थियो ।

LEP का कार्यक्षेत्र रहेका सबै गाविसहरु भुकम्पको मात्र जोखिममा रहेको छैन । यहाँ भुकम्पपछि आउन सक्ने अन्य जोखिमहरु जस्तै पहिरो, बाढी र अन्य जोखिम चट्याङ र जैविक प्रकोप जस्तै महामारीबाट पनि उच्च जोखिममा रहेको छ । यस्ता सबै खाले प्रकोप र त्यसबाट आउन सक्ने विपद्को सम्भावनालाई ध्यानमा राख्दै आफ्ना कार्यक्रमको केहि क्रियाकलापहरुमा परिमार्जन समेत गरेको छ ।



विपद्को कुनै समय र स्थानको किटान हुँदैन । जहाँ पनि, जति बेला पनि विपद् आउन सक्छ । यस पटकको विनाशकारी भुकम्प र त्यसपछि उद्धार र राहतमा जहाँजहाँ जे जति कमि, कमजोरी, ढिलासुस्ती र अनियमितता भए त्यसबाट LEP ले एउटा सकारात्मक पाठ सिकेको छ । जस्तै जहाँ जुन प्रकारको प्रकोपको सम्भावना छ त्यसको पहिल्यै पहिचान र पूर्व तयारी हुनुपर्दछ । अर्को हरेक समुदाय वा वार्ड स्तरमा विपद् पूर्व र विपदपछि सक्रिय अगुवाई गर्ने उत्तरदायीपूर्ण समिति/निकाय गठन गरिनुपर्दछ ।

यसैगरी अर्को पाठ हो विपद्को सामना गर्ने क्षमता खासगरी सामाजिक, प्राविधिक र आर्थिक क्षमता बढाउन समुदाय हेरी पहिलेदेखि नै कार्य गरिनुपर्दछ । जस्तै यसको उदाहरण भुकम्पपछिका दिनहरुमा जहाँ जहाँ वित्तीय रुपले सक्षम सहकारी थिए, त्यहाँका भुकम्प पीडितहरु तत्काले पुनस्थापित हुन सफल भएका थिए । यो पनि एउटा क्षमताको दायराभित्र पर्दछ । अर्को स्थानीय विकास मन्त्रालयले ल्याएको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना सम्बन्धी रणनीतिको कार्यान्वयन जसले हरेक गाविसस्तरमा स्थानीय विपद् जोखिम व्यवस्थापन समिति गठन र उसको नेतृत्वमा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा, कार्यान्वयन तथा विपद् कोष व्यवस्थापन गर्न सक्ने परिकल्पना गरेको छ ।

LEP ले जुन महत्वपूर्ण ४ वटा पाठ विपदको सन्दर्भमा सिकेको छ । यिनै पाठका आधारमा आफ्ना कार्यक्षेत्रका ७ वटै गाविस (पहाडी क्षेत्रका) मा स्थानीय समुदायस्तरमा सामुदायिक विपद् जोखिम व्यवस्थापन समिति र उक्त समितिबाट प्रतिनिधित्व हुने गरी गाविसस्तरमा गाविसस्तरीय आधिकारीक स्थानीय विपद् जोखिम व्यवस्थापन समिति गठनको प्रक्रिया आरम्भ भई सकेको अवस्था छ । LEP को यस प्रयासले प्रकोपको प्रकृति अनुसार पूर्व तयारी, जोखिममा परेका समुदायको क्षमता अभिवृद्धि, विपद्को समयमा सम्पर्क समन्वय र सहकार्यमा सहजता, विपदपछि पुन निर्माण, पुन स्थापनाका लागि स्थायी प्रकारको संयन्त्रको भूमिका निर्वाह भई विपद् लक्षित समुदायको जीवनयापन/जीविकोपार्जन सहज हुने विश्वास लिइएको छ । ❖❖❖

# विपद्मा सहमति: बाडेगाउँ, सिन्धुपाल्चोक : एक अनुभव

✍ ठाकुर ढकाल
फिल्ड सुपरिवेक्षक, नगदमा आधारित परियोजना, सिन्धुपाल्चोक

बैशाख १२ को महाभूकम्प र त्यसपछिका निरन्तरका पराकम्पनले पुऱ्याएको अपुरणीय क्षतिलाई विर्सदै सिन्धुपाल्चोक जिल्लाको बाँडेगाँउ गा.वि.स.का बासिन्दाहरु अहिले क्षतिग्रस्त संरचनाहरुका भग्नावशेष व्यवस्थापनसँगै पुन: निर्माणका कार्यमा जुटिरहेका छन् ।

सहमतिले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्ने क्रममा सिन्धुपाल्चोक जिल्लाका सबैभन्दा बढी प्रभावित गा.वि.स.हरुमा सामाजिक परिचालनद्वारा शिघ्रलाभ तथा पुन: निर्माणका लागि प्लान इन्टरनेशनल नेपालको साझेदारीमा जून २०१५ मा भएको सम्झौता बमोजिम नगदमा आधारित परियोजना जिल्लाका बांडेगाँउ लगायत १२ वटा गा.वि.स.मा सञ्चालन गरीरहेको छ ।

नगदमा आधारित परियोजना अर्न्तगत बांडेगाँउ गाविसका २५० परिवारले प्रत्यक्ष लाभ उठाइरहेका छन् । जसमध्ये ६३ जनाले निसर्त



नगद अनुदान स्वरुप एकमुस्ट रु १,५०००।- र बाँकी १८७ जनाले ३० दिन काम गरे वापत प्रति दिन रु. ५०० का दरले २ किस्तामा जम्मा रु. १५,०००।- बराबरको लाभ लिन सक्ने व्यवस्था रहेको छ । हाल स-सर्त नगद अनुदान वापत लाभान्वित परिवारका सदस्यले भुकम्पका कारण क्षतिग्रस्त भग्नावेशष पन्छाउने तथा पुन: निर्माणको काम गरिरहेका छन् ।

यस गा.वि.स.मा हालसम्म निसर्त र स-सर्त अनुदान अर्न्तगत क्रमस ६३ र १८७ परिवारलाई जम्मा रु.१८,८०,०००।- बराबरको नगद अनुदान रकम वितरण भइसकेको छ भने दोस्रो किस्ता बापतको रु.१८,७०,०००।- रकम अगष्ट महिनाको अन्तिम सातासम्ममा वितरण हुनेछ ।

सहयोगको नाममा देश विदेशबाट विभिन्न संघ संस्थाहरुले ल्याएका एउटै खालका सहयोग (राहत) का बीचमा सहमति र प्लान नेपालले ल्याएको नौलो कार्यक्रमप्रति बांडेगाँउ बासीहरु निकै उत्साहित र प्रशन्न देखिन्छन् । बांडेगाँउ वडा नं २ मा बस्दै आएका सोमबहादुर तामाङ भन्छन् अन्य राहत कार्यक्रमले गाँउ विकासमा खासै सहयोग गर्न नसकेको अवस्थामा यस परियोजनाले हामीलाई जीविकोपार्जन सहित पुन निर्माणमा सहयोग हुने खालका कार्यक्रम ल्याउँदा हामी अहिले भग्नावशेष व्यवस्थापनसगैं पुन: निर्माणका कार्यमा लागेका छौं।



यस परियोजना अर्न्तगत अहिले बांडेगाँउमा भुकम्पका कारण बिग्रिएका मोटरबाटो सरसफाई तथा निमार्ण, बिद्यालयको भग्नावशेष व्यवस्थापन तथा अस्थायी अध्ययन केन्द्र निर्माण भइरहेको छ । त्यसैगरी खानेपानीका मुहान, सिंचाईकुलो, धार्मिक स्थल लगाएतका ठाउँहरुका भग्नावशेष पन्छाउँदै पुन: निर्माणका काम भइरहेका छन् ।

बांडेगाँउमा भुकम्पपछि बन्द भएका शैक्षिक संस्था पुन सञ्चालनमा ल्याउन क्षतिग्रस्त वातावरणमा कसरी आफ्ना विद्यार्थी पढाउने भन्ने अन्योल भइरहेको अवस्थामा सहमतिद्वारा सञ्चालित परियोजना मार्फत सरसफाईको काम शुरु भएपछि अब आफु ढुक्क भएको भन्दै श्री कमलादेवि माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कोइरालाले



खुशी व्यक्त गर्नुभयो । हाल यसै परियोजना अर्न्तगत श्री कमला देवि मा.वि.लगाएत अन्य सात वटा विद्यालयका भग्नावशेष व्यवस्थापन तथा अस्थायी कोठा बनाउने काम भइरहेको छ ।

त्यसैगरी भुकम्पका कारण अवरुद्ध भएको सीपाघाटदेखि बांडेगाँउ जोड्ने सडक यसै परियोजना अर्न्तगत पुन सञ्चालनमा ल्याउले क्रम जारी छ । हाल यस सडक खण्ड मर्मत तथा सरसफाईमा ८५ जनाले काम गरिरहेका छन् । सीपाघाटदेखि लगभग १६ कि.मि. लम्बाइ रहेको उक्त सडक बाँडेगाँऊ क्षेत्रभित्र ६ कि.मि.पर्दछ । उक्त सडक निर्माण पश्चात बाँडेगाँउमा आवत जावतसगैं बजारमा आयत/निर्यातमा सहज भई यस क्षेत्रको आर्थिक स्थितिमा पनि बिस्तारै सुधार हुने बाँडेगाँउका निवर्तमान गा.वि.स. सचिव जगतनाथ ताल्चा भडेलले बताउनुभयो ।

परियोजना सञ्चालन भएको २ महिनामै समुदायबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको र जीविकोपार्जनमा सहयोग पुग्ने खालका दीर्घकालीन कार्यक्रम सञ्चालन होस् भन्ने समुदायको अपेक्षा रहेको बताउँदै वडा नागरिक मञ्च वडा नं ८ का संयोजक ध्रुव बहादुर कटुवाल भन्छन् "भुकम्पका कारण आहतमा रहेका बांडेगाँउ बासीलाई साचो अर्थमा राहत पुऱ्याउने सहमति र प्लान नेपाललाई आभार सहित थप कार्यक्रमका लागि हार्दिक अनुरोध" । ❖❖❖

## आपतकालीन अवस्थामा

# नगदमा आधारित परियोजना, सिन्धुपाल्चोक : एक परिचय

✍ डिल्लीराज पौडेल 'समय'
कार्यक्रम संयोजक, नगदमा आधारित परियोजना, सिन्धुपाल्चोक

**पृष्ठभुमि :**

नेपालमा २०७२ बैशाख १२ गतेको विनासकारी महाभुकम्प र त्यसपछिका नियमित पराकम्पनका कारण ८,००० भन्दा बढी मानिसको मृत्यु तथा १६,००० भन्दा बढी मानिस घाइते भएका छन् । उक्त भुकम्पका कारण देशका विभिन्न १६ जिल्लाहरुमा जनधनको ठूलो क्षति हुनपुग्यो भने अन्य १७ जिल्लाले पनि उल्लेखित क्षति बेहोर्नु पर्‍यो । करिब ५ लाख भन्दा बढी घरहरु पूर्ण रुपले ध्वस्त भएका छन । अतिप्रभावित क्षेत्रका अधिकांश सरकारी कार्यालय, सामुदायिक पूर्वाधारहरु, व्यापारिक केन्द्र, धार्मिक तथा पुरातात्विक क्षेत्रहरु समेत पूर्णरुपले क्षति ग्रस्त भएका छन् । भुकम्पिय क्षतिको यो अवस्थालाई सम्बोधन गर्न सरकारलाई ठूलो चुनौति सिर्जना हुन पुगेको छ ।

राष्ट्रिय विपत्तिको यस क्षणमा सहमति संस्थाले पनि आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्ने जिम्मेवारीको महशुस गरी प्रकोप पछिका आवश्यकता मूल्यांकन गर्दै भुकम्पबाट प्रभावित क्षेत्रमा भग्नावशेष हटाउने, अस्थाई सिकाई केन्द्र निर्माण गर्ने, सार्वजनिक सेवाहरु सुचारु गर्न सामुदायिक पूर्वाधारको मर्मत तथा सम्भार गर्ने र अत्यावश्यक जीवन निर्वाह एवम् आयआर्जनमा सहयोग पुर्‍याउन आवश्यक पर्ने अल्पकालीन कार्यक्रमहरुको रुपमा प्लान इन्टरनेशनल नेपालसँगको साझेदारीमा सिन्धुपाल्चोक जिल्लाका विभिन्न १२ गा.वि.स.हरुमा जुन २०१५ देखि कामका लागि नगद परियोजना सञ्चालन भइरहेको छ ।

**छोटकरीमा सिन्धुपाल्चोक जिल्ला:**

सिन्धुपाल्चोक जिल्ला मध्यमाञ्चल विकास क्षेत्रका १९ जिल्ला मध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो जिल्ला हो । यो जिल्लाले नेपालको कुल क्षेत्रफलको २५४२ वर्ग कि.मि.(१.७३ प्रतिशत) ओगटेको छ । चौतारा र मेलम्ची नगरपालिका सहित ७२ गा.वि.स. रहेको यस जिल्लाको पूर्वमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत र दोलखा जिल्ला, दक्षिणमा काभ्रेपलाञ्चोक र रामेछाप जिल्ला, पश्चिममा काठमाडौं र नुवाकोट छ भने उत्तरमा रसुवा र चिनको स्वशासित क्षेत्र तिब्बतसँग जाडिएको छ । प्राकृतिक सम्पदा र सुन्दरताको धनी यस जिल्लालाई पर्यटकीय व्यवसायको सम्भावना बोकेको क्षेत्र मान्न सकिन्छ । यस जिल्लाका तातोपानी कुण्ड, पाचँपोखरी, हेलम्बु, बञ्जीजम्प लगायतका पर्यटकीय स्थलहरु देशभित्र र बाहिर निकै प्रख्यात मानिन्छन् ।

राष्ट्रिय जनागणना २०६८ अनुसार यस जिल्लामा ६६,६८८ घरपरिवार को बसोबास रहेको छ । जहाँ विषेश गरी तामाङ जातिको बढी संख्या (३४.२५प्रतिशत) देखिन्छ । भने अन्य सबै खालका जातजातिको पनि बासस्थान रहेको छ । जिल्लामा कुल जनसंख्या मध्ये २.०३ प्रतिशतमा कुनै न कुनै खालको अपाङ्गता रहेको पाइएको छ ।

२०७२ बैशाख १२ गतेको महाभुकम्पबाट अति प्रभावित जिल्ला मध्य सिन्धुपाल्चोक जिल्ला पनि एक हो । तथ्याङ्क विगागले भुकम्प पश्चात तयार गरेको आँकडा अनुसार यस जिल्लामा ३,०५७ जनाको मृत्यु भएको छ भने ८६० जना गम्भिर घाइते भइ उपचार गराइरहेका छन् । अझै पनि कति मानिस बेपता छन् भन्ने यकिन भैसकेको छैन ।त्यसैगरी महाभुकम्पका कारण यस जिल्लाका ९५% घर पुर्ण रुपमा क्षति भएका छन् भने बाँकी घर पनि आधिक रुपमा क्षतिग्रस्त भएका छन् ।



उच्च पहाडी जिल्ला भएकाले अधिकांश भागमा स्तरीय मोटरबाटो निर्माण हुन नसकेको अवस्थामा गाउँ-गाउँ जोडन बनाइएका कच्ची सडक समेत अवरुद्ध हुँदा सिन्धुपाल्चोक बासीलाई नियमित आवतजावत गर्न समेत अफ्ठेरो परेको छ । भुकम्प अघि प्रत्येक गाविसमा मोवाइल फोन सेवा सुचारु भएता पनि भुकम्पका कारण टेलिफोन टावर तथा टेलिफोन सेवा कार्यलयको भवन भत्किदा यहाका बासिन्दा सञ्चार सेवाबाट अझै पनि लाभ लिन पाइरहेको अवस्था छैन । यद्यपि पछिल्लो समयमा केही दुरसञ्चार संस्थाहरुले आफ्ना काम सुचार गर्ने क्रममा जुटिरहेका छन् ।

**परियोजनाको उद्देश्य :**

भुकम्प प्रभावित क्षेत्रका व्यक्तिहरुलाई अत्यावश्यकीय खाद्य र गैरखाद्य बस्तु खरिदका लागि नगद अनुदान मार्फत ऋय शक्ति बढाउने तथा जीविकोपार्जनका गतिविधि पुन: सञ्चालन गर्न आवश्यक सहयोग पुर्‍याउने ।

**परियोजनाको क्षेत्र :**

१. भुकम्प प्रभावित क्षेत्रका क्षतिग्रस्त स्थानीय निकायका कार्यलयहरु, स्वास्थ्य केन्द्र, विद्यालय भवन, सामुदायिक भवन, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु लगायत संरचना भत्किएर थुप्रिएको भग्नावशेषको व्यवस्थापन र अस्थाई भवनहरुको निर्माण तथा उक्त कार्यालय जोड्ने सडक सञ्जाल मर्मत गरी सार्वजनिक सेवा प्रवाह सुचारु गर्ने ।

२. गाँउका स्थानीय सडक सञ्जाल, पैदल मार्ग, सिचाई कुलो, खानेपानी वितरण प्रणाली तथा सरसफाई प्रणाली जस्ता साना खालका सामुदायिक पूर्वाधारको मर्मत तथा संभार गर्ने ।

**परियोजना कार्यन्वयन रणनिति:**

१. परियोजनाले महिला तथा बालबालिको नेतृत्वको परिवार, एकल महिला, जेष्ठ नागरिक शारिरिक रुपले अशक्त तथा अन्य पछाडी पारिएका समुदायहरुलाई लाभान्वित घरधुरीको रुपमा छनौट गरी सामुदायिक परियोजनाहरुको तर्जुमा तथा कार्यान्वयन चरणमा समेत समावेशिता तथा समतामूलक सिद्धान्त अनुशरण गर्ने ।

२. सामुदायिक परियोजनाको छनोट प्रभावित समुदायको आवश्यकता र मागका आधारमा वातावरण मैत्री र प्रकोप प्रतिरोधि हिसाबमा सम्भार तथा निर्माण कार्य गर्ने ।

३. कार्यस्थलमा लाभान्वित व्यक्तिहरुको सुरक्षा तथा प्रतिष्ठा कायम राख्न आवश्यक उपाय अपनाउने, न्युनतम सुरक्षा चेतना तथा सुरक्षाका उपायहरु प्रदान गर्ने ।

**परियोजनाबाट लक्षित परिवार/व्यक्ति :**

१. प्रत्यक्ष रुपमा कार्यक्षेत्र भित्रका विभिन्न १२ गा वि स हरुमा रहेका अति प्रभावित ३,२५० परिवार सम्म निशर्त र सशर्त नगद अनुदान स्वरुप जम्मा रु ४,८७,५०,०००।- (अक्षेरुपी रु.चार करोड सतासी लाख पचास हजार) नगद हस्तान्तरण गर्ने ।

२. परोक्ष रुपमा सडक, खानेपानी, विद्यालय, स्वास्थ्य केन्द्र जस्ता सामाजिक परियोजनाहरुको सञ्चालन गरी कार्यक्षेत्र भित्रका सम्पूर्ण घरधुरीहरुलाई सहज एवम् शान्तिपूर्ण रुपमा दैनिक जीवनयापन सुचारु गर्न सहयोग गर्ने ।

**नगद हस्तान्तरणको ढाँचा:**

१. यस परियोजना अन्तर्गत प्रत्यक्ष लाभान्वित हुने ३,२५० घरधुरी मध्ये अतिप्रभावित २५ प्रतिशत (करिव ८००) घरधुरीलाई निशर्त नगद अनुदान स्वरुप प्रतिपरिवार एकमुष्ठ रुपमा जम्मा रु १५,००० का दरले नगद उपलव्ध गराउने ।

२. सशर्त नगद अनुदान स्वरुप बाँकी ७५ प्रतिशत लाभान्वित सदस्यहरुलाई समुदायले छनौट गरेका सामुदायिक परियोजनाहरुमा अधिकतम ३० दिनसम्म काम गर्ने गरी प्रतिदिन रु ५०० का दरले जम्मा रु १५,००० उपलव्ध गराइने । सशर्त अनुदान रकमको पहिलो किस्ता बापत ६० प्रतिशत रकम कार्य शुरु भएको १० दिन पछि र बाँकी ४० प्रतिशत रकम दोस्रो किस्ताको रुपमा कार्य सम्पन्न भएको ५ दिनभित्र उपलब्ध गराइने ।

३. नगद हस्तान्तरणका लागि लाभान्वित सदस्यहरुको छनौट तथा सामुदायिक परियोजना सञ्चालन गरी आवश्यक अभिलेख सहमतिले तयार गर्दछ भने घुम्ती बैङ्किङ सेवा मार्फत नगद भुक्तानीको काम सहमतिको सिफारिसमा लक्ष्मी बैंकले गर्दछ ।

**अनुगमन तथा मुल्यांकन**

यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने जिम्मेवार निकायहरुमा वडा नागरिक मञ्च, गाँउ विकास समितिको कार्यालय , जिल्ला दैवि प्रकोप उद्धार समिति तथा साझेदार संस्थाहरु पर्दछन् । आन्तरिक अनुगमन तथा मुल्यांकनका लागि फिल्ड सुपरिवेक्षक, कार्यक्रम संयोजक तथा कार्यक्रम सल्लाहकार मुख्य रुपमा जिम्मेवार रहन्छन ।

**गुनासो सुनुवाई र सार्वजनिक लेखापरीक्षण**

परियोजना सञ्चालन गर्दा सरोकारवाला व्यक्ति तथा निकायबाट प्राप्त हुने गुनासो सुझाव तथा जिज्ञासालाई व्यवस्थित रुपमा सुनुवाई गर्न प्रत्येक गा.वि.स. तथा सहमति कार्यलयमा समेत सुझाव पेटिका राख्ने र प्राप्त गुनासो तथा सुझावहरुलाई अभिलेखीकरण गरी आवश्यक सुधार र सुनुवाई गर्दै लैजाने ।

सामुदायिक परियोजना सञ्चालन भइरहँदा वा सम्पन्न भएपश्चात प्रत्येक गा.वि.स.मा सम्पूर्ण सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक लेखापरीक्षण गरिने र सो क्रममा प्राप्त सुझाव र प्रतिक्रियालाई सिकाइको रुपमा ग्रहण गर्ने ।

❖❖❖

# कार्यक्षेत्रमा भुकम्पले पारेको असर, चुनौती तथा अवसरहरु:

✍ विकास सापकोटा
कार्यक्रम संयोजक, CMDP परियोजना



२०७२ वैशाख १२ गते शनिवार गोर्खा जिल्लाको वारपाकमा केन्द्रविन्दु बनाएर गएको महाविनाशकारी भुकम्प र वैशाख २९ गते गएको पराकम्पनले देशमा ठूलो विनाश निम्त्याएको थियो । नेपालका विभिन्न भागमा जस्तै नवलपरासी र तनहूँ जिल्लामा पनि विनाशकारी भुकम्पको असर रह्यो । लुथरन वर्ल्ड रिलिफ र सहमतिद्वारा सञ्चालित अमिला जातका फलफूलहरुको बजार विकास परियोजनाको कार्यरत गाविसहरुमा धेरै नै मानवीय क्षति नपुगे पनि उल्लेखनीय रुपमा भौतिक क्षति पुऱ्याएको पाइयो । नवलपरासी जिल्लाको कार्यरत ५ गाविस (जौवारी, अर्खला, नरम, रुचाङ्ग र डाँडाझेरी) मा भुकम्पले १८२ घरमा आंशिक क्षति पुऱ्यायो भने २०५ घरमा पूर्ण रुपले क्षति पुग्यो । त्यसैगरी तनहुँ जिल्लाको कार्यरत क्षेत्र (बन्दिपुर, छिपछिपे, आवुखैरेनी, वैदी, छिम्केश्वरी, देउराली) मा ११२ घरमा आंशिक क्षति पुग्यो भने ९५ घर पूर्णरुपमा क्षतिग्रस्त भयो । नवलपरासी जिल्लाको रुचाङ्ग गाविसमा भुकम्पबाट १ महिलाको मृत्यु भयो ।

यसरी विनाशकारी भुकम्पले भौतिक संरचना तथा मानवीय क्षति पुऱ्याएको पाइन्छ । भुकम्प लगत्तै यस परियोजनाबाट सामाग्रीहरु समुदायलाई खासै सहयोग नभए पनि केहि समय परियोजनाको गतिविधि तथा क्रियाकलापहरु स्थगित गरी कार्यरत क्षेत्रहरुमा गई सबै कर्मचारीहरुद्वारा सक्दो सहयोग गरियो । विभिन्न सरकारी तथा अन्य गैरसरकारी संस्थाहरुसँग समन्वय गरी भुकम्पपीडितहरुलाई सहयोग गरियो । विशेष गरी यस्तो सहयोग नवलपरासी जिल्लाको कार्यरत क्षेत्रहरुमा विशेष रुपमा रह्यो । सहमति संस्थाले यस संस्थाबाट सञ्चालित विभिन्न परियोजनाबाट भुकम्प पीडितहरुलाई बास र कपासका लागि विभिन्न सामाग्रीहरु उपलव्ध गरायो ।

हाल अवस्थालाई विश्लेषण गर्ने हो भने यस परियोजनाको कार्यरत गाविसहरुमा भुकम्पको घाउ विस्तारै सन्चो हुँदै गएको अवस्था देखिन्छ । अब यस असर/चुनौतीलाई नयाँ अवसरको रुपमा लिइनुपर्छ । भुकम्परहित प्रविधिको अवलम्वन गरी भौतिक संरचना निर्माण गर्नु नै भुकम्पबाट बच्ने ठूलो उपाय हो र अगामी दिनमा यस्ता संरचनाहरुको निर्माणले पक्कै पनि हालको जस्तो क्षति पुऱ्याउने छैन ।

महाविनाशकारी भुकम्पपछि यस परियोजनाको वैठक बसी सबै फिल्ड कर्मचारीबाट भुकम्पको असरहरुको विवरणहरु संकलन गर्ने काम भयो र जहाँ सबैभन्दा बढी भुकम्पबाट पीडितहरु हुनुहुन्छ त्यहाँ सबैभन्दा बढी जीविकोपार्जनका कार्यक्रमहरु, भौतिक संरचना निर्माण सहयोग गर्ने एकप्रकारको सोच बनाईयो । त्यसै अनुरुप नै यस वर्षको कार्यक्रमहरु गाविसस्तरमा सञ्चालन भइरहेको छ । नवलपरासी जिल्लाको नरम गाविस र तनहुँ जिल्लाको आवुखैरेनी गाविसमा कृषि सडक सहयोग, नवलपरासी जिल्लाको लुङ्गेलीथर जौवारी गाविसमा पाईप सिञ्चाई सहयोग, बढी भुकम्प पीडित प्रभावित क्षेत्रहरुलाई ध्यानमा राखी गरिएका सहयोगहरु हुन् । आगामी दिनहरुमा पनि भुकम्पपिडित समुदायलाई प्राथमिकतामा राखी यस परियोजनाको गतिविधि तथा क्रियाकलापहरुलाई सञ्चालन गरिने छ । ❖❖❖

# अकल्पनीय महाभुकम्प

✍ धन प्रसाद पौडेल
कार्यक्रम संयोजक, स्वाबलम्बी समूहरु तथा महिला सहकारी प्रवर्द्धन कार्यक्रम

सहमति र प्लान नेपालको साझेदारीमा बागलुङ जिल्लाको ११ गा.वि.स र म्याग्दी जिल्लाको ७ गा.वि.स.मा सञ्चालित सामाजिक समावेशीकरण तथा विभेदरहित परियोजना अन्तर्गत स्वावलम्बी समूहरु तथा महिला सहकारी प्रवर्द्धन कार्यक्रम विगत डिसेम्वर २०११ देखि हालसम्म सञ्चालन भइरहेको छ । वि.सं. २०७२ साल बैशाख १२ गते दिनको करिब १२ बजे गएको भुकम्पले गर्दा कार्यक्रममा बनाएको योजना भन्दा छुट्टै अवस्थाको सिर्जना भयो । कार्यालय र फिल्डमा बस्ने कर्मचारी साथीहरुको अवस्था बुझ्नमा भोलिपल्ट सम्म सफल भइयो । देश भित्रका विभिन्न स्थानसंगै कार्यक्रमको कार्यक्षेत्रमा पनि के कस्ता घटनाहरु घटे भन्ने विषयमा कार्यालयमा रहेका कर्मचारीबीच छलफल भयो । त्यसपछि तथ्याङ्क संकलन गर्दा घटनाको विस्तृत विवरण निकाल्न सकिने भएकाले विभिन्न सरोकारवाला निकायबीच छलफल तथा सहकार्य गर्दै सो कार्य गर्न फिल्डमा रहेका साथीहरुलाई आग्रह गरियो । प्रारम्भिक तथ्याङक अनुसार कार्यक्षेत्रभित्र करिब १,३०० घरमा क्षति भएको विवरण प्राप्त भयो । तत्पश्चात कार्यक्षेत्र बाहिर भएको क्षतिको अवस्था बुझ्न विभिन्न राजनैतिक दल, संघसंस्था, सरकारी तथा गैरसरकारी कार्यालय, विभिन्न समुहहरुसंग हातेमालो गर्दै अगाडी बढ्ने काम भयो । भुकम्प पिडितलाई राहत जुटाउनमा फिल्डमा रहेका कर्मचारी साथीहरु पनि उत्तिकै सक्रिय रुपमा खटिनुभयो ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा इलाका प्रहरी कार्यालय, विभिन्न राजनैतिक दल, विभिन्न संघ संस्था, युवा क्लब, प्लान नेपालसंगै हामी पनि बुर्तिबाङ क्षेत्रमा गई राहत वितरण गर्ने काममा सहभागी भयौं । त्यहाँ आएका भुकम्प पीडित दाजुभाई तथा दिदिबहिनीहरुलाई राहत तथा सान्त्वना दिने काम समेत गरियो । सत्य तथ्य जानकारी र निरीक्षण गरेर मात्र उचित तरिकाले राहत वितरण गरेकोमा त्यस ठाउँका बासिन्दाले सम्बन्धित पक्षलाई धन्यवाद दिएका थिए । त्यस्तै कार्यक्रम स्थलमा भएका सहकारीका दिदिबहिनीहरुमा पनि के गर्न सकिन्छ भन्ने आशय फोन सम्पर्क मार्फत प्रष्ट बुझ्न सकिन्थ्यो । हामी कार्यालयका साथीहरु पनि यो विपद्को घडीमा आफ्नो तर्फबाट सहयोग गर्ने उद्देश्यका साथ अगाडि बढिरहेका थियौं । यसै सन्दर्भमा सहमति कार्यसमितिको बैठकले संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीको ३ दिन बराबरको तलव संकलन गरी जिल्ला कार्यालयहरुमा सहयोग गर्न निर्णय गरेकोमा खुसी हुँदै सोही अनुरुप कार्यक्षेत्रका ७ वटा सहकारी र संस्थाको तर्फबाट रु. ५०,६३५।- (अक्षरेपी पचास हजार छ सय पैंतिस) प्रधानमन्त्री दैविक प्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरी भौचर जिल्ला दैविक प्रकोप व्यवस्थापन समिति अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गरियो । जिल्लामै सहमति संस्थाको पहलबाट जिल्लामा सञ्चालित महिला सहकारीहरुमार्फत विपद व्यवस्थापनका लागि राहत स्वरुप संकलन गरिएको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने जिल्लाकै पहिलो संस्था सहमति र सहकारीसंस्थाहरुलाई प्रमुख जिल्ला अधिकारीले धन्यवाद ज्ञापन गर्दै यस खाले उदाहरणीय कामले अरुलाई पनि काममा उर्जा मिल्ने कुरा बताउनुभयो ।



महाभुकम्पको धक्का जाने क्रम रोकिएको छैन स-साना पराकम्पनहरु गइरहेका छन् । भुकम्पको त्रास रहिरहँदा त्यसले पारेको असरका कारण विभिन्न किसिमका घटनाहरु हुने गरेका छन् । म्याग्दी जिल्ला अन्तर्गत राम्चे गाविसमा पर्ने बैंसरी भन्ने स्थानमा गएको पहिरोका कारण कालिगण्डकी नदी १६ घण्टा सम्म थुनिदा देशका करिब १० जिल्ला साथै छिमेकि राष्ट्र समेत त्रसित बनेको थियो । भुकम्पकै कारणले गर्दा कास्की जिल्ला लुम्ले गा.वि.स.को लुम्ले भन्ने स्थानमा गएको पहिरोका कारण १० घर परिवारका करिव ३५ जनाले ज्यान गुमाउनु परेको छ । साथै म्याग्दी जिल्ला मुदि र मुना गाविसमा पनि पहिरोका कारणले ७ जनाको ज्यान गएको छ । भुकम्पका कारण यस्ता धेरै घटनाहरु घट्न सक्ने हुँदा प्रभावित क्षेत्रको पहिचान गरी त्यहाँ रहेको वस्तिलाई सुरक्षित स्थानतर्फ स्थानान्तरण गर्नु पर्ने देखिएको छ ।

यस्ता किसिमका अकल्पनिय प्राकृतिक प्रकोपले देशमा विभिन्न किसिमका उतार चढाव आई जनतामा त्रासको वातावरण साथसाथै थप समस्या सिर्जना गरिदिएको छ । कैयौं मानिसहरु घरबार साथै परिवार विहीन हुनुपरेको छ । राष्ट्रको गौरब झल्किने ऐतिहासिक पुरातात्विक सम्पदाहरु क्षणभरमै नाश भएका छन् । यस्ता किसिमका घटनाबाट बच्नका लागि समयमै जनचेतना फैलाउनु आजको प्रमुख आवश्यकता बनेको छ । प्राकृतिक विपदबाट मानिसहरुमा पर्न गएको सामाजिक, आर्थिक साथसाथै मनोवैज्ञानिक असर न्यूनीकरण गर्नका लागि राज्यतहबाट पुर्ननिर्माणको कामलाई अगाडी बढाउनुपर्ने देखिएको छ । विभिन्न स्वरोजगार तथा आयआर्जनका क्रियाकलापहरु मार्फत आर्थिक पाटोलाई टेवा पुऱ्याउने कार्यहरु अति प्रभावित क्षेत्रहरुलाई प्राथमिकतामा पारी सञ्चालन गर्नुपर्ने देखिन्छ । राहत तथा पुर्नस्थापनाका कार्यहरु सञ्चालन गर्दा वास्तविक पीडित पक्षहरु पहिचान गरी उसको प्रमुख आवश्यकता हेरी सोही अनुरुप गर्नुपर्दछ ।

अन्ततः कुनै निश्चित दिन समय र ठाउँ नभनि आउने यस्ता खाले महाविपत्तिले पारेको असर न्यूनीकरणमा सबै आ-आफ्नो ठाँउबाट लाग्नुपर्ने आजको आवश्यकता रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले आफ्ना त्रियाकलापहरु प्राकृतिक प्रकोप प्रभावित क्षेत्र केन्द्रित गरी सञ्चालन गर्नु पर्दछ जसले समान रुपमा देशको विकासमा टेवा साथै काटिएका घाउहरुमा मलम लगाउन सहयोग पुग्दछ । ❖❖❖

# भुकम्पपछि सिन्धुलीको वस्तुस्थिति

✍ दीर्घमणि पोखरेल
कार्यक्रम संयोजक, CBMFIYO-सिन्धुली

गत वैशाख १२ गतेको विनाशकारी महाभुकम्प र त्यसपछिका पराकम्पनले सिन्धुली जिल्ला नराम्रोसंग प्रभावित हुन पुगेको जगजाहेर नै छ । क्षति मूल्याङ्कनको आधारमा नेपाल सरकारको निर्णय बमोजिम अति प्रभावित १४ जिल्लाभित्र सिन्धुली जिल्ला पनि दुर्भाग्यवस समावेश हुन पुगेको छ । मानवीय तथा भौतिक संरचनामा पुगेको क्षतिको विवरण तथा मूल्यांकन विभिन्न चरणमा भएका छन् । यो भन्दा पनि प्राकृतिक विपद्ले मानवीय संवेदनामा निम्ताएको चोट गहिरो छ, जनजीवन आक्रान्त पारेको छ । यो चोटले बर्षौंसम्म समाजमा जरा गाडी असर पार्ने हुनसक्छ यदि हामीले प्रभावितहरुको घाउमा मलमपट्टी लगाउन सकेनौं भने । सबैको अथक प्रयास र एकताबद्ध कार्यभारबाट यस विपद्लाई अवसरको रुपमा सदुपयोग गर्नुपर्ने आवश्यकता छ । कुशलतापूर्वक पाएको जिम्मेवारी पूरा गर्नु हामी सबैको प्रतिबद्धता र व्यवहार बन्नु पर्छ तबमात्र प्रभावित समुदायको सुनिश्चित भविष्य र समृद्धि हाँसिल गर्न सकिन्छ ।

भुकम्प लगत्तै दैविक प्रकोप उद्धार समितिको बैठक बसी प्रभावित क्षेत्रको पहिचान गरी युद्धस्तरको कार्य सक्रियताकासाथ भएको थियो । जसबाट घाइते तथा जोखिममा परेकालाई आवश्यक सहायता प्रदान गरि उद्धार गरियो । यसमा सुरक्षा निकायदेखि राजनितिक दल, नागरिक समाज, युवा वर्ग लगायत सबैको जुझारु सामुहिक प्रयत्न रह्यो । यस अवधिमा प्रभावितहरुलाई तत्काल राहतका प्रबन्ध मिलाइएको थियो । हाल पनि आवश्यकताको पहिचान गरी मनसुनको बेलामा समेत राहत उपलब्ध हुने गरी जिल्लाको विभिन्न ७ ठाउँमा भण्डारण तथा वितरण केन्द्र स्थापना गरिएको छ ।

तराईसँगको पहुँच तथा बाटोको सहजताले यस जिल्लामा पर्याप्त राहत सामाग्री सरकारी तथा गैरसरकारी निकायहरुबाट प्राप्त भएको थियो । यसको वितरण प्रणालीलाई प्रभावकारी ढंगले सञ्चालन गर्न जिल्ला दैविक प्रकोप उद्धार समितिको आवश्यक सिफारिसमा एकद्वार प्रणाली मार्फत सम्बन्धित ठाँउमा बाँड्ने व्यवस्थाले प्रभावितलाई आवश्यक सामाग्री पाउन सहज भएको थियो । मृतक १५ जनाको शव व्यवस्थापन र परिवारलाई काजक्रिया खर्च लगायत राहत सामान तत्काल वितरण गरियो भने घाइते २३० जनाको अवस्था हेरी जिल्ला अस्पतालदेखि विभिन्न आवश्यक ठाँउहरुमा निःशुल्क उपचारको व्यवस्था मिलाइएको थियो ।

आवश्यक भौतिक पूर्वाधार सडक, बिजुली, खानेपानी, सञ्चारको प्रबन्ध पनि गरियो । सडक सञ्जाल कठीन भएको दुर्गम ठाँउहरुमा हेली डपिंग (हेलीकप्टर) मार्फत राहत सामाग्री पुर्‍याई दैनिक जनजीवन सञ्चालनमा सहयोग पुयाउने काम भयो । राजनितिक दलहरु र अन्य स्वंयमसेवी सस्थाहरुबाट प्रभावित ठाँउहरुमा अस्थायी आवास निमार्ण तथा विद्यालय सुचारु गर्न ठूलो सहयोग प्राप्त भयो । यस क्रममा जग्गा, जमिन र वस्ती जोखिमको मूल्यांकन दक्ष जनशक्ति परिचालन गरी



प्रारम्भिक प्रतिवेदनको आधारमा उच्च सर्तकता अपनाउने र बासको व्यवस्था मिलाउने कार्य भएको छ । हाल विभिन्न सस्थाहरुले पुनर्निर्माणका विभिन्न परियोजनाहरु सञ्चालनका लागि जुटिरहेका छन भने नेपाल सरकारको निर्णय अनुसार अस्थायी बासको लागि प्रबन्ध गरेको रु १५,०००।- हजार वितरण गर्ने कार्य द्रुत गतिकासाथ अन्तिम चरणमा पुगेको छ । यसै सन्दर्भमा मानवीय संवेदनामा पुगेको चोटलाई न्युनीकरण गर्ने उद्देश्यकासाथ मनोसामाजिक परार्मशका कार्यक्रम विभिन्न संघसस्थाबाट सञ्चालित छ ।

CBMFIYO-सिन्धुलीले गैरसरकारी संस्था महासंघ सिन्धुलीले चलाएको राहात संकलन कार्यक्रममा सक्रिय रुपमा सहभागि भई सहयोग गरेको थियो । सिन्धुली जिल्लामा क्रियाशील गैरसरकारी संस्थाहरुले आ-आफ्नो क्षमताअनुसार सहयोग उपलब्ध गराएका थिए । सहमतिले रु. १५,०००।- सहयोग गरेको थियो । संकलित रकमवाट खाद्यान्य लगायत आवश्यक सामाग्री खरिद गरी प्रभावित क्षेत्रमा वितरण गरिएको थियो । साथै जिल्ला वचत तथा ऋण सहकारी संघ सिन्धुलीले जिल्लास्थित प्रत्येक सहकारी संस्थाहरुमा पुगी राहत संकलन कार्य गरेको थियो । सहमति सिन्धुली सो कार्यमा शुरु देखि नै पूर्ण रुपमा लागेको थियो । सहमतिले रु. १०,०००।- सहयोग गरेको थियो । वचत तथा ऋण सहकारी संघले संकलन गरेको जम्मा रु. २,२०,०००।- को त्रिपाल तथा आवश्यक अन्य सामाग्री खरिद गरी प्रभावित क्षेत्रमा वितरण गरेको थियो ।

**यस सम्बन्धी विस्तृत विवरण :–**

क्षेत्रफल : २,४९१ व.कि.मि.
जनसंख्या : २,९६,१९२ (जनगणना,२०६८)
घरधुरी : ५७,५८१
प्रभावित घरधुरी : ४१६७७
गाविस संख्या : ५०
नपा संख्या : २
अति प्रभावित गाविस : २५ (५०५)
प्रभावित गाविस/नपा : २५ गाविस, २ नपा
प्रभावित जनसंख्या : करिव १.९० लाख (१: ५)
मृतक संख्या : १५ जना
क्षतिको अवस्था मानवीय क्षति
मृतक जिल्लाभित्र : १५ जना ( महिला: १०, पुरुष ५)
मृतक जिल्ला बाहिरको घटनामा : १९ जना
उपचाररत घाइते : नभएको
घाइते : २३० जना (८४ जना वैशाख २९ गते)

**पशुधन क्षति**

मृत : २९१

सख्त घाइते : २८
सामान्य घाइते : ३
पंक्षी : ४,८६५

**सम्पति क्षति**

निजी घरहरु : ४१,६७७
पूर्ण क्षति : ३०,३०७
सामान्य क्षति : ११,३७०

**सरकारी भवनहरुको अवस्था**

| क्र.सं. | कार्यालयको नाम | संख्या | पूर्ण क्षति | आंशिक क्षति |
|---|---|---|---|---|
| १ | स्वास्थ : | ३८ वटा | १२ | २६ |
| २ | शिक्षा : | ४५१ वटा | ४५ | ४०६ |
| ३ | प्रहरी : | २१ वटा | ४ | १७ |
| ४ | नेपाली सेना : | ११ वटा | १ | १० |
| ५ | अन्य कार्यालय: | १३ वटा | ३ | १० |
| | जम्मा | ५३४ वटा | ६५ | ४६९ |

**राहत नगद**

- हालसम्म १ नपा र २५ गाविस सहित रु.१६,३६,४५,०००।- अस्थाई आवास निर्माणको लागि निकासा
- कनपा र २२ गाविसका ७,३०० परिवारहरुलाई रु.१०,९५,००,०००।- अस्थायी आवास राहत वितरण
- जिल्ला भित्रका मृतक परिवारलाई रु.१३,८०,०००।- र जिल्ला वाहिरकालाई रु.१२,००,०००।- समेत कुल रु.२५,८०, ०००।- राहत वितरण

**नगद राहत खर्च जिविसको कार्यालय, सिन्धुली**

८. राहत सामाग्री ढुवानीमा स्कर्टिङ
९. जनशक्ति परिचालन (वितरण, क्षति संकलन र सुरक्षा)
१०. राजनीतिक दल र अन्य स्वयंसेवी संस्थाले अस्थायी आवास, विद्यायालय निर्माण/सहयोग
११. सुरक्षा फौजको सहयोगमा अस्थाई आवास निर्माण
१२. जग्गा, जमिन क्षेती र वस्ती जोखिमको प्रारम्भिक प्रतिवेदन
१३. विद्यालय संचालनका लागि अस्थाई टहरा र टेन्टको ब्यवस्था
१४. अस्थायी आवास- रु. १५०००।- वितरण भइरहेको
१५. सूचना संकलन र सम्प्रेषण

**वितरण मापदण्ड (Norms)**

१. एकीकृत एकद्वार प्रणाली
२. मृतक, घाइते परिवार र विपन्न/गरीवलाई पहिलो प्राथमिकता
२. अति प्रभावित गाविस (२५ गाविस) लाई प्राथमिकता
३. विकट तथा सडक पहुँच नरहेका स्थानलाई प्राथमिकता
४. राहत प्राप्त नगरेको कोही भएमा पहिलो प्राथमिकता

**चुनौतीहरु**

१. पूर्व तयारी र आसन्न जोखिम
२. अस्थायी आवास/जस्तापाता/रकम व्यवस्थापन
३. पीडितहरुको अपेक्षा र गुनासो
४. जिल्लाका कमजोर आन्तरिक सडक
५. पीडितलाई शारिरिक र मानसिक रुपले सामान्य बनाउने
६. स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरुको रिक्तता
७. सवारी साधन र इन्धनको कमी

**चुनौती सम्वोधन**

१. पूर्व तयारीको प्रयास ( भण्डारण र सामाग्री माग )

| विवरण | भुक्तानी दिएको संस्था/ब्यक्ति | भुक्तानी गएको रकम | भुक्तानी दिएको शिर्षक |
|---|---|---|---|
| त्रिपाल खरिद | जि.प्रशासन का. महोत्तरी | ११,८२,४०० | सुनौला हजार दिन कार्यक्रम |
| ,, ,, | जि.वि.स.सप्तरी मार्फत जोगेन्द्र भगत | १४,५४,००० | LGCDP |
| ढुवानी, लोड, अनलोड | विभिन्न ब्यावशायी/ब्यक्ति | ४,३३,००० | दैवि प्रकोप उ.कोष |
| क्षति विवरण संकलकहरुलाई पे. भुक्तानी (२५ गाविस) | केन्द्रबाट खटिएका लेखा अधिकृतहरु | ६,२५,००० | बातावरण मैत्री कार्यक्रम |
| गाविसहरुमा निकासा | सबै (५०) गाविसहरु | २,२५,००,००० | सोधभर्ना भएको |
| ईन्धनको भुक्तानी | आयल सेन्टर | ७,७७,९५० | ,, ,, |
| जम्मा | | ४७,७२,३५० | |

**हालसम्म भएका मूख्य कार्यहरु**

१. मृतक र घाइतेको तत्काल उद्धार
२. मृतक १५ को शव ब्यवस्थापन, काजकृया खर्च र राहत सामाग्री वितरण
३. घाइते २३० जनाको उपचार प्रवन्ध
४. सुरक्षाकर्मीबाट क्षतिग्रस्त घरले पुरिएका सामाग्रीहरु झिकिएको
५. खानेपानी, विद्युत सेवा र सडक सुचारु
६. राहत संकलन र वितरण ( १३ केन्द्र मार्फत गाविससम्म )
७. दुर्गम क्षेत्रमा राहत सामाग्रीको *हेली ड्रपिंग*

२. अस्थायी आवासको लागि समन्वयात्मक प्रयास
३. गुनासो सुनुवाई र सम्बोधन
४. सवारी साधनको थप ब्यवस्था, सडक सुधार
५. विज्ञहरुबाट मनोसामाजिक परामर्श

**अन्तमा**

१. खोज र उद्धार कार्य सम्पन्न भइसकेको
२. पूर्व तयारी स्वरुप सामाग्री प्राप्ती, भण्डारण र अन्य व्यवस्था
३. शीघ्र ब्यवस्थित पुनरस्थापना/अस्थाई आवास ।

*(स्रोत : जिल्ला शान्ति समिति, सिन्धुली)*

# भूकम्पको परिदृश्य

✍ मधुकृष्ण न्यौपाने
Admin & Logistic Officer, नगदमा आधारित परियोजना, दोलखा

'गोरखा भूकम्प' नामले चिनिएको बैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्प र त्यस लगत्तै गएका शक्तिशाली पराकम्पनहरुले हजारौ मानिसको ज्यान लिनुका साथै लाखौ परिवारको घर पूर्णरुपले क्षति बनायो। गोरखा र दोलखामा केन्द्रबिन्दु भएर गएको क्रमश ७.८ रेक्टर स्केल भूकम्प र ७.३ का परकम्पनले देशका अधिकाशं भूभागमा तवाही मच्चायो। राजधानी काठमाडौं लगायत भक्तपुर, ललितपुरका ऐतिहासिक धरोहरहरु भग्नावेशमा परिणत भए। पुरातात्विक महत्वको धरहरा, काठमाडौं दरवार, भक्तपुर दरवार र पाटन दरवार क्षेत्रका धेरै मठ-मन्दिरहरु माटोको थुप्रोमा परिणत भए।

भूकम्प गए लगत्तै नेपाली जनताको उद्दार तथा राहतको लागि देश-विदेशबाट हजारौंको संख्यामा उद्दारटोली आई भूकम्पग्रस्त ठाउँमा परिचालित भए । अत्याधुनिक प्रविधि तथा उच्च तालीम प्राप्त कुकुरको मद्दतले कयौ मानिसको जिवितै उद्दार हुन सफल भयो। उक्त टोलीको सहयोगले हवाई माध्यमद्वारा पहाडी तथा हिमालीभेगसम्म राहत सामाग्री वितरणमा टेवा पुग्यो। विभिन्न सहयोग नियोगहरु भूकम्प पीडीतहरुका लागि पाल, खाद्यान्न, कपडा, प्राथमिक उपचारका सामाग्रीहरुको वितरणमा तथा अस्थायी बासको प्रवन्धमा खटिए। खुला जमिन अस्थायी बासस्थानका लागि निर्माण गरिएका त्रिपालले भरिभराउ भए ।

भूकम्प गएको करिब डेढ महिनापछि सहमति टिमसंगै जब म दोलखा पुगे तब केहि विकराल दृश्यहरु देखापरे, पहाडि जीवनशैलीको परिचय बोकेका, ढुङ्गा, माटो, काठका घरहरु करिब पूर्णरुपमा ध्वस्त भएका थिए र केहि ठडिएका घरहरु पनि बस्न नमिल्ने गरी चिरा चिरा परेका थिए । जिल्ला सदरमुकाम चरिकोटमा बनाइएका सिमेन्टका अग्ला घरहरुसमेत भूकम्पको मार झेल्न नसकि ढल्न पुगेका थिए। भूकम्पमा परी दोलखा जिल्लाभरीमा कुल १६० जनाको मृत्यु भएको थियो र करिब शतप्रतिशत घरहरु ध्वस्त भएका छन, मानिसहरु आफ्नो बचेको सानो आँगनमा रङ्गी बिरङ्गी पाल बनाई अस्थायी बसोबास निर्माण गरेका थिए भने कोहि आउँदै गरेको मनसुनको तयारीका लागि आफ्ना भत्किएका घरका छाना निकाली अस्थाई टहरा बनाउन व्यस्त थिए। भूकम्प जाने क्रम केही मात्रमा थामिएता पनि भिरालो पाखामा घर भएका धेरै बस्तीहरुमा गएका चिराहरुले गाँउलेहरुको मन थामिएको थिएन, आफ्नो बस्तीमा कुन बेला पहिरो आइलाग्ला भनि अनिदोमै रात कटाउन विवश देखिन्थे।

सहमति र Plan-International को सहकार्यमा दोलखा जिल्लाका १४ वटा गाविसहरुमा नगदमा आधारित परियोजना अन्तर्गत काम गरिरहेको छ। यस परियोजनाको मूख्य कार्य भूकम्प प्रभावित परिवारलाई तत्काल नगद वितरण गर्ने रहेको छ। यस कार्यक्रम लक्षित विधि अपनाई विभिन्न मापदण्डका आधारमा लाभान्वित परिवार छनौट गरिएको छ । जस अन्तर्गत गर्भवति तथा सुत्केरी महिला, एकल महिला, परिवारका सदस्य अपाङ्ग भएको, बृद्ध, नियमित आम्दानी नभएको, अभिभावक गुमाएका बालबालिका, किशोरी आमा भएको घरलाई प्रथमिकतामा पारिएको छ। प्रत्येक शीर्षकको लागि अंक तोकिएको छ र कूल शीर्षकको पूर्णांक ३० रहेको छ। नगद हस्तान्तरण कार्यक्रम पनि दुई शीर्षकमा विभाजन गरिएको छ, जस अन्तर्गत पहिलो नगद अनुदान र दोस्रो कामका लागि नगद। उच्च अंक ल्याउने घर नगद अनुदानमा



छनोट हुन्छ भने त्यस पछिका क्रमश कामका लागि नगदमा पर्दछन् ।

प्रत्येक गाविसको कूल लाभान्वित संख्याको २५ प्रतिशतलाई नगद अनुदान दिइन्छ जसमा परिचयपत्र वितरण गरी लक्ष्मी बैंक मार्फत रु.१५,०००।- नगद वितरण गरिन्छ । त्यसै गरी बाँकी ७५ प्रतिशतलाई आफ्नो गाँउको सामुदायिक कामको कार्ययोजना प्रस्ताव गर्न लगाई तीस दिनसम्म रु. ५००।- प्रति दिनका दरले अग्रिम रुपमा रु. ९,०००।- र प्रस्तावित काम समापन गरिसकेपछि रु. ६,००० सोहि बैंक मार्फत उपलव्ध गराइन्छ । कुल घरधुरीका आधारमा गाविसमा लाभान्वित संख्या छुट्याइएको छ । कुनै गाविसमा २०० छन् भने कुनैमा ८०० सम्म लाभान्वित परिवार रहेका छन्।

कुनै पनि विपत्तीको बेलामा मानिसहरुसँग नगद अभाव हुने गर्दछ । यस्तो बेलामा सहमति र Plan-International को मानवीय सहयोगको मुख्य उद्देश्य भूकम्प पीडीत परिवारलाई तत्काल नगद उपलब्ध गराउनु हो। मानिसहरुको अवश्यकता भिन्दाभिन्दै हुनाले नगद हस्तान्तरण नै उनिहरुलाई सामान्य जीवनशैलीतर्फ फर्कन मद्दत हुने उपयुक्त माध्यम ठहरियो। उदाहरणको लागि सुस्पाक्षमावती गाविसमा मानिसहरुले आफुलाई प्राप्त रकम बाल (बालिकाहरुको विद्यालय शुल्क बुझाउन तथा जस्तापाता खरिद गर्न उपयोग गरिएको देखियो।

नगदमा आधारित नगद कार्यक्रममा केही उदाहरणीय कामहरु भएका छन् । जव सहमति टिम लाभान्वित परिवार क्षनोटको चरणमा थियो तब शेरप शेर्पा नामका व्यक्तिसँग भेट भयो, उनले ध्वस्त भएको सुस्पाकोड्डुक थोके छ्योयलीङ गुम्बा, र त्यस भग्नावशेषको बाटो ओहोर दोहोर गर्ने बाल (बालिकामा हुन सक्ने सम्भावित जोखिमको बारेमा जानकारी दिए, शेर्पाले दिएको जानकारीका आधारमा स्थानीयले कामका लागि नगद कार्यक्रमका व्यक्तिहरुलाई त्यस भग्नावशे पन्छाउने कार्यमा लगाउने निर्णय गरे र लगत्तै ९ जनाको समूहले १० दिन लगाई उक्त भग्नावसेस सफा गरेर त्यसपछि गुम्बाको आन्तरिक स्रोतले सोको पुनर्निमाण गरियो ।

यस नगदमा आधारित परियोजनाले दोलखा जिल्लाका १४ गाविसका ६,२०० घरधुरी समेटेको छ, जस अन्तर्गत आठ करोड पचासलाख भन्दा बढी रकम हस्तान्तरण हुँदैछ । नगदमा आधारित कार्यक्रमलाई तुलनात्मक रुपमा हेर्ने हो भने यस दोलखा जिल्लामा सञ्चालित नगदमा आधारित परियोजना Plan ले नेपालमा गरेको राहत कार्यक्रमको अहिले सम्मकै ठूलो धन राशीको कार्यक्रम हो र लाभान्वित परिवार संख्याको आधारमा मूल्यांकन गर्दा नेपालमा अन्य संस्थाद्वारा तथा प्लानद्वारा अन्य जिल्लामा सञ्चालित *(बाँकी १३ औं पेजमा)*

# नेपाल-भारत सीमा बाढी उत्थानशील समुदाय परियोजना एक झलक

✍ सुरेश पौडेल
कार्यक्रम संयोजक, नेपाल भारत सीमा बाढी उत्थानशिल समुदाय परियोजना

प्रकृतिमा सबैभन्दा डरलाग्दो र विनाशकारी प्रकोपको रुपमा भू-कम्प तथा बाढीलाई लिईन्छ । विश्वमा हालसम्म गएका विनाशकारी भू-कम्प तथा बाढीले लाखौंको जीवन लिला समाप्त पार्नुको साथै अरबौंको भौतिक संरचनाहरु तहसनहस पारेको देखिन्छ । देशमा वर्षेपिच्छे आउने बाढीले पुऱ्याउने हानी, नोक्सानी तथा गत वैशाखमा गएको महा-विनाशकारी भू-कम्पले दिएको अथाह पीडा एवं त्यसपछि भोग्नुपरेको कष्टकर जीवनले हामीलाई विपद् पूर्व र विपत आइसकेपछि गर्नुपर्ने व्यवस्थापनतर्फ निश्चय नै सोच्न बाध्य बनाएको छ । विपद् कहिले र कहाँ आउँछ वा पर्छ पूर्व थाहा पाउन नसक्ेता पनि विपतमा हुने हानी, नोक्सानी कम गर्न अवश्य सकिन्छ । यसै परिप्रेक्षलाई मध्यनजर राख्दै सहमति संस्था र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा नवलपरासी जिल्लाको दक्षिणी भेगका ८ वटा गाविसहरुमा "नेपाल भारत सीमा बाढी उत्थानशील परियोजना" विगत ७ महिनादेखि सञ्चालन हुँदै आएको छ ।

परियोजनाले हेर्ने क्षेत्रको भू-बनोट भित्री मधेश एवं नारायणी नदीको समिप भएको पाइन्छ । भित्री मधेशका यी क्षेत्रमा वर्षेनी नारायणी नदी एवं स-साना खहरे खोलाको कारण उब्जाउ भूमि कटान हुने एवं डुवानमा पर्ने समस्या देखिन्छन् । जसका कारण वर्षेनी लाखौंको क्षति हुँदै आएको छ । विपद् उत्पन्न गर्ने प्रकोपजन्य घटनाको नियन्त्रण गर्न सकिदैन । तथापी विपद् जोखिम न्यूनिकरण विधिलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न सकिएमा वा पूर्व तयारी सहितको विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिएमा जनधनको क्षती कम गर्न सकिन्छ ।

यसै सन्दर्भमा यस परियोजनाले यस जिल्लाका बाढीको उच्च जोखिममा रहेका त्रिवेणी सुस्ता, कुडिया, नर्सही, पकलीहवा, रुपौलिया, गुठी प्रसौनी, सोमनी एवं भुजहवा गाविसहरुमा समुदायको विपद् जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि, विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन, जीविकोपार्जनको अवस्थाको विश्लेषण, समूह गठन तथा सहकारी प्रवर्द्धनका साथै समुदायमा आधारित विपद् व्यवस्थापन योजना निर्माण गाविसस्तरमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माणका साथै जिल्लास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्यमा सहयोग गर्दै आएको छ । यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा २,३३० घरधुरी लाभान्वित हुनेछन् भने अप्रत्यक्ष रुपमा १,१५,६५३ जना लाभान्वित हुने लक्ष्य निर्धारण गरिएको छ । नेपाल भारत सीमा बाढी उत्थानशील समुदाय परियोजनाको विशेषताहरु :

(१) बाढीको सामना गरी जीवन रक्षा गर्न सक्ने ।
(२) आवश्यकता अनुसार तुरुन्तै प्रतिकार्य गर्न सक्ने ।
(३) बाढीको समयका लागि आवश्यक खाद्यान्न तथा सामाग्रीहरुको बन्दोबस्त गर्न ।
(४) जीविकोपार्जनको वैकल्पिक स्रोतहरु ।
(५) स्रोत, साधन तथा अधिकारमा महिला, दलित तथा पछाडी पारिएका समुदायको समान पहुँच ।
(६) बाढीको समयमा कस्तो प्रतिकार्य भयो सो सम्बन्धी चिन्तन मनन गर्न सक्ने एवं सिक्न र सिकाउन सक्ने ।



माथी उल्लेखित बुँदाहरु पूरा गर्नलाई स्थानीयस्तरमा, जिल्लास्तरमा सम्पूर्ण सरोकारवालाहरु जस्तै निजिक्षेत्र, स्थानीय क्लवहरु, सरकारी निकायहरु एवं गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी बाढी उत्थानशिल समुदाय बनाउन पहल गरिदै आएको छ । ❖❖❖

## भूकम्पको परिदृश्य .......

नगदमा आधारित परियोजना भन्दा सहमति दोलखाद्वारा सञ्चालित यस कार्यक्रम दोब्बरभन्दा धेरै रहेको छ । साथै अहिलेसम्मकै धेरै चुनौतीपूर्ण तर सफल परियोजना रहेको छ। यस किसिमको जटिल कार्यक्रम निरीक्षण गर्न हालसम्म प्लान (नेपालका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय निर्देशक, अन्तराष्ट्रिय विपद् व्यवस्थापक, दातृ निकायका उच्च पदस्त पधादिकारिहरु र अन्य संस्थाका उच्च पधादिकारिहरुबाट १० पटकसम्म परियोजनाको अवलोकन भई सकेको अवस्था छ, जसमा उहाँहरुले कामको उच्च मूल्यांकन गर्नुका साथै अपेक्षा गरेको भन्दा निकै सफल काम सञ्चालन भएको भेटियो । नगद हस्तान्तरणका अलवा सहमति टिमले शौचालय मर्मत, अस्थायी बासको कार्यक्रम तथा प्रत्येक गाविसमा २ ठूला र २ साना खानेपानी परियोजना मर्मत कार्यक्रम Plan -International सँग संयोजन गरी गरिरहेको छ। त्यो भन्दा अगाडि यस समूह जस्तापाता तथा कम्बल वितरण कार्यमा संलग्न रहेको थियो।

कुनै पनि कार्य सञ्चालन गर्न थुप्रै चुनौती तथा अवरोधको सामना गर्नुपर्दछ । त्यसमाथि पनि बिपत्ती गएको स्थानमा काम गर्नु आफैमा एक चुनौती हो। भौगोलीक जटिलता जहाँ यातायातको पहुँच छैन, यातायात पहुँच भएको ठाँउमा भूस्खलनको उत्तीकै जोखिम रहेको छ। फिल्डमा जाने साथीहरु एक साताभन्दा बढि विकट गाँउमा बस्नुपर्ने हुन्छ, त्यहाँ गाँउलेहरु स्वयम् पाल र राहतको खाद्यन्नको भरमा गुजारा गर्नु परिरहेको छ, जहाँ खाना र बासको निकै समस्या हुने गर्दछ ।

नगदमा आधारित कार्यक्रम विशेष गरी लक्षित विधि अपनाईएको कार्यक्रम हो। जसले गर्दा समुदायमा विवाद हुने गरेको छ। नियमित आम्दानी हुने परिवारलाई यस कार्यक्रमले नसमेट्ने हुँदा धेरै स्थानमा शिक्षित वर्गबाट नै अवरोधको सामना गर्नु परेको अवस्था छ। जसले गर्दा लक्षित समुदायसँग नगद पुग्न निकै समय लागेको छ।

यस्ता यावत समस्याहरु झेल्दै हाम्रो टिम दोलखा बसाईको तीन महिना बिताउँदैछ। समस्याहरु जटिल लागेता पनि हाम्रो समस्या यहाँका स्थानीयबासीले भोगेको समस्याको अगाडि निकै सानो छ। यी समस्या यहाँका जनताले दिनहुँ भोगिरहेका छन्। हामी आफ्नो क्षमताले भ्याएसम्म यस ठाँउका मानिसहरुको उज्वल भविष्यका लागि प्रयासरत छौ। हाम्रो यस प्रयासबाट यहाँका बासिन्दाको मुहारमा सानो हाँसो तथा आफ्ना बालबच्चालाई विद्यालय पठाउन सकेको खण्डमा हामी आफ्नो काम सफल भएको ठान्दथ्यौ । ❖❖❖

# राहत, पुनर्स्थापना र संयोजन विकास

✍ अम्बिका प्रसाद पौडेल
फिल्ड तथा कृषि संयोजक, ग्रामीण युवा विकास कार्यक्रम



भू भनेको जमिन र कम्प भनेको थर्कन अर्थात् जमिनमा आउने हलचल वा कम्पन भन्ने बुझिन्छ । पृथ्वीको भित्रीभागमा रहेका प्लेटहरुको हलचलले गर्दा जमिनमा फरकपनको अवस्था श्रृजना भएको हुन्छ । त्यसैलाई हामी भूकम्प भन्दछौं । भूकम्पबाट जमिनमा रहेका मानव तथा जीवजन्तुहरुमा प्रत्यक्ष असर मात्र नभई मानिसहरुले बनाएका भौतिक संरचनाहरुले पनि अझ बढी क्षति पुऱ्याएको हुन्छ । विकसित देश जापानलाई हेर्ने हो भने त्यस देशमा बेलाबेलामा भूकम्प गईरहेको छ । तर त्यहाँ भूकम्पको असर न्यून रहेको देखिन्छ । यसको कारण भूकम्पबाट हुने क्षतिबाट बच्न सुरक्षित हुने उपायहरु अवलम्बन गरेर नै बनाएका भौतिक संरचनाहरुबाट नै त्यस्तो भएको हो भन्ने कुरा प्रष्टरुपमा बुझ्न सकिन्छ ।

हालै मिति २०७२ साल वैशाख १२, १३ र २९ गते आएको भूकम्पर शक्तिशाली पराकम्पनले नेपाल, भारत लगायत देशहरुमा मानवीय क्षती सँगै भौतिक संरचनाहरुमा समेत व्यापक क्षती पुऱ्यायो । नेपालको सन्दर्भमा पनि १४ वटा जिल्लाहरुमा मानवीय क्षतीसँगै भौतिक संरचनाहरुमा समेत क्षती पुऱ्यायो भने अन्य जिल्लाहरु पनि त्यसको असरबाट टाढा रहन सकेन । क्षती पुगेका जिल्लाहरुमध्ये नवलपरासी जिल्ला पनि एक हो । यस जिल्लामा क्षती पुगेका पहाडी गा.वि.स.मध्ये अर्खला, बुलिङ्टार, डाँडाझेंरी, कोटथर र रतनपुर गा.वि.स. र गैंडाकोट नगरपालिकाको वार्ड नं.३ पनि रहेका थिए । यस क्षेत्रमा बसोबास गर्ने समुदायहरुलाई भूकम्पको कम्पनले स्थायीरुपमा बसोबास गर्दै आईरहेको घरबाट परिवारलाई अलग बस्न बाध्य तुल्यायो । जसबाट यसको प्रत्यक्ष असर स-साना बालबच्चाहरु, बुढाबुढी, अपाङ्ग, महिलाहरुमा पर्न गयो ।

अर्कोतर्फ भूकम्प प्रभावित यी पहाडी गा.वि.स.हरु सहमति ग्रामीण युवा विकास कार्यक्रमको कार्य क्षेत्र पनि हो । सहमति गैंडाकोट र AWO International Germany बिचको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले आफ्नो कार्यक्षेत्रका भूकम्प प्रभावित सदस्यहरुलाई भएको कष्ट, पीडालाई मध्यनजर गर्दै आकस्मिक राहत सामग्रीको रुपमा १५० घरधुरीलाई त्रिपाल, झुल, ब्ल्याङ्केट लगायतका राहत सामग्रीहरु वितरण भयो । जसबाट १,२५० भन्दा बढी सदस्यहरु लाभान्वित भए । एकातर्फ पटक पटक आइरहेको पराकम्पनले गर्दा मानिसहरुमा भूकम्पको डर त्रास बढिरहेको थियो भने अर्कोतर्फ वर्षाको पानीबाट जोगिन मानिसहरुलाई तत्काल घर बनाउन आर्थिक समस्या पनि परिरहेको थियो । यसरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई जीवनयापनमा परेको कष्ट र धौ धौ भइरहेको अवस्थालाई मध्यनजर गरी राहत, पुनर्स्थापना र विकास परियोजना अन्तर्गत पूर्ण क्षती भएका घरधुरीमा पनि बढी क्षती पुगेका १५० घरधुरीलाई वर्षात्को पानीबाट बच्न सक्ने गरी अस्थायी प्रकृतिको बासस्थानका लागि प्रतिघरधुरीहरुमा निम्न बमोजिमका सामग्रीहरु, ज्याला रकम, ढुवानी खर्च र परियोजना व्यवस्थापन गरी प्रतिघरधुरी औसत रु.३४,१७५।- बराबरको सहायता गरियो । साथै अस्थायी टहरा निर्माणका लागि परियोजनाको कूल लागत खर्च ५१,२६,२००।- रुपैयाँ सहयोग भएको छ ।

**राहत सामग्री सहयोग गरिएको गा.वि.स.को विवरण :**

| क्र.स. | गा.वि.स. को नाम | जम्मा घरधुरी |
|---|---|---|
| १. | अर्खला | ९ |
| २. | बुलिङ्टार | ३२ |
| ३. | डाँडाझेंरी | ३२ |
| ४. | कोटथर | ३७ |
| ५. | रतनपुर | ३७ |
| ६. | गैंडाकोट न.पा. वार्ड नं.३ | ३ |
| | जम्मा घरधुरी | १५० |

**प्रति घरधुरी राहत सामग्रीको विवरण :**

| क्र.स. | सामग्रीको नाम | विवरण |
|---|---|---|
| १. | जस्तापाता | १८ पाता ( ९ फुटे ) |
| २. | प्लेन पाता | १ वटा ( १२ फुटे ) |
| ३. | फलाम पाइप : १९ फुट ६ ईन्च | ६ वटा |
| ४. | फलाम पाइप : ८ फुट ९ ईन्च | ६ वटा |
| ५. | जे.हुक, क्याप वासर, पिच वासर र नट (१४ केजी) | ११८८४ वटा |
| ९. | जि.आई. तार | ५.५ के.जी. |

**परियोजनाको कुल लागत खर्च :**

| **क्र.स.** | **विवरण** | **लागत रकम** |
|---|---|---|
| १. | जस्तापाता खरीद | २८,०५,७७५।- |
| २. | फलाम पाइप खरीद | १४,६७,९७७।- |
| ३. | जे.हुक,जि.आइ. तार वासर आदि | २,०१,७१४।- |
| ४. | दक्ष कामदार ज्याला खर्च | १,०५,०००।- |
| ५. | सामग्री ढुवानी खर्च | ३,३५,६५७।- |
| ६. | परियोजना व्यवस्थापन, अनुगमन तथा प्रचारमूलक खर्च आदि | २,१०,०७७।- |
| **कुल लागत खर्च** | | **५१,२६,२००।-** |

राहत सामग्री वितरण गरी सकेपछि भूकम्पबाट जोगिन भूकम्प प्रभावित सदस्यहरुलाई सुरक्षित घर निर्माण गर्ने बारे अभिमुखीकरण कार्यक्रम सञ्चालन भयो । जसबाट प्रभावित सदस्यहरुलाई सुरक्षित घर निर्माण तालिमबाट पनि थप मद्दत पुगेको थियो । राहतस्वरुप वितरण गरिएका निर्माण सामग्रीहरु तथा अभिमुखीकरण कार्यक्रमबाट भूकम्प प्रभावित सदस्यहरुले घर निर्माण पनि गरिसकेका छन् । जसबाट बालबच्चा, महिला, बुढाबुढी लगायत प्रभावित सदस्यहरुलाई धेरै नै राहत पुगेको महशुस गरिएको छ ।

यसरी स्मरण रहोस् कि प्रभावितहरुको नाममा आउने राहतलाई दोस्रो पक्षले फाइदा उठाएको देखिन्छ । वास्तवमा विदेशीहरुले आफ्नो छाक कटाएर केही भाग सञ्चय गरेर दु:खी, गरीब र असहायहरुलाई दिएको सहायतालाई सदुपयोग गरी पीडित पक्षको सेवा गर्नु नै हामी सबैको कर्तव्य, जिम्मेवारी तथा असल नागरिकको पहिचान हो भन्ने कुरा बुझ्न आवश्यक छ । ❖❖❖

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाबिसहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| क) साझेदारी कार्यक्रम | | | | | | | | | | | | | |
| १ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | (२० गा.वि.स. र १ न.पा.) आम्वोटे, वेलघारी, भिमस्थान, रानीचुरी, सिथौली, हत्पते, हर्षाही, निपाने, रानीवास, कमलामाई न.पा., डाँडी गुराँसे, महादेवस्थान, कपिलाकोट, मजुवा, जलकन्या, भद्रकाली, रतनचुरा, भिमेश्वर, सित्तलपाटी, पुरानो झाँगाझोली र झाँगाझोली रातमाटा | १६७६० | २३६१ | ११९३६ | ६३३७ | २०६३४ | १४५५१ | ६०८३ | ४ | २ |
| २ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान इन्टरनेशनल नेपाल | बागलुङ र म्याग्दी | बागलुङ (अमलाचौर, पैयुँपाटा, नारायणस्थान, दुदिलाभाटी, नरेठाँटी, हटिया, मल्म, काँडेबास, अधिकारीचौर, देविस्थान र खुङ्गा) र म्याग्दी (राखुभगवती, राखुपिप्ले, घतान, पुलाचौर, कुहुँ, सिङ्गा र वरंजा) | १०२२४ | ४५५६ | २०९४ | ५१३९ | ११७८९ | ११७८९ | - | ६ | ७ |
| ३ | बालिका शक्ति परियोजना | प्लान इन्टरनेशनल नेपाल | म्याग्दी | २० गाविस | ७६७१ | २०६८ | ५०९२ | १६२९ | ८७८९ | ८७८१ | १८२५ | ७ | ६ |
| ४ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी र तनहु | नवलपरासी- जौवारी, नरम, डाडाझेरी, रुचाङ्ग र अर्खला तनहु-बन्दिपुर नगरपालीका(बन्दिपुर र धरमपानी गा.वि.स. मिलाएर बनेको), वैदी, छिपछिपे,छिम्केश्वरी, देउराली, आबुखैरेनी | १००० | १७ | ९२२ | ९९ | १०३८ | ४९० | - | ३ | २ |
| ५ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासि | अर्खला, बुलिङ्गटार, रतनपुर, कोटथर, डांडाझेरी,गैडाकोट | ३१८२ | १६५९ | १८०६३ | ११४० | २०८६२ | १०१०९ | ८७९० | ३ | ५ |
| ६ | जिविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी | जौवारी, भारतीपुर, नरम, अर्खला, रुचाङ्ग, मिथुकरम, बुलिङ्गटार, मुकुन्दपुर | ३७५० | ६३८ | २९५० | ४१५ | ४००३ | ३३६९ | २१५० | ४ | ५ |
| ७ | जलवायु अनुकुलन गाउँ कीर्तिपुर परियोजना | प्राक्टिकल एक्सन | नवलपरासी | देवचुली नगरपालिका | १५० | - | २६२ | - | २६२ | ९४ | - | १ | ० |
| ८ | नेपाल भारत सीमा बाढी उत्थानशिल परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | त्रिवेणीसुस्ता, कुडीया, नर्सही, गुठीप्रसौनी, सोमनी, रुपौलीया, पक्लिहवा र भुजहवा | २३३४ | - | - | - | - | - | - | ४ | ४ |
| ९ | नगदमा आधारित परियोजना | प्लान नेपाल | सिन्धुपाल्चोक | १२ गा.बि.स. | १५०० | २३५ | ११५३ | १८५४ | ३२४२ | १०५२ | २१९० | ९ | ११ |
| १० | नगदमा आधारित परियोजना | प्लान नेपाल | दोलखा | १५ गाविस | ६२०० | - | - | - | - | ८६६ | २८६७ | ७ | १४ |
| ११ | आयाम परियोजना | केएर नेपाल | नवलपरासी | १५ गाविस | १७४४ | ६५ | ८८० | ७७७ | १७२२ | १३०० | - | ३ | ३ |
| ख) केन्द्रीयकार्यालय | | आन्तरिक | नवलपरासी | | - | - | - | - | - | - | - | १ | ७ |
| जम्मा | | | | १३३ गाविस र ४ नगरपालिका | ५४५१५ | ११५९९ | ४३३५२ | १७३९० | ७२३४१ | ५२४०१ | २३९०५ | ५२ | ६६ |

# कार्यक्रम गतिविधि (वैशाख-असार २०७२)

## सहमतिद्वारा सञ्चालन गरिएका कार्यक्रम गतिविधिहरू निम्नानुसार रहेका छन् ।

### जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम

सन् २००५ मार्चदेखि सहमति तथा अक्सफाम हङकङसँगको साझेदारीमा ग्रामीण स्वावलम्वन प्रयासहरुको प्रवर्धन (समुन्नति) कार्यक्रमको नामबाट सन् २०१५ मार्चसम्म निरन्तर सञ्चालनमा रहयो । हाल सन् २०१५ अप्रिलदेखि अक्सफाम GB सँगको साझेदारीमा जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम सञ्चालन भइरहेको छ । कार्यक्रमको लक्ष्य "गरिवी तथा उत्पिडन न्यूनिकरणका लागि खाद्य र आयको सुरक्षामा जोड दिँदै लक्षित समुदायको विकासमा सहभागिता वृद्धि गर्दै उनीहरुको संकटासन्नता न्यूनिकरणद्वारा सम्पन्नता अभिवृद्धिमा योगदान पुऱ्याउने" रहेको छ । अन्य कार्यक्रमगत मुख्य विषयमा भने ठूलो अन्तर रहेको छैन । कार्यक्षेत्र नवलपरासी जिल्लाको पहाडी ७ गाविस र नवलपुर क्षेत्रको १ गरी ८ वटा गाविस रहेको छ ।

- कार्यक्षेत्रभित्रका सहकारी संस्थाका कर्मचारी प्रतिनिधि सहित LEP कार्यक्रम कर्मचारी र सहमति कार्यसमितिको रोहवरमा कार्यक्रमको त्रैमासिक प्रगति समिक्षा तथा योजना तर्जुमा बैठक राइकोट फिल्ड अफिसमा सम्पन्न ।
- अक्सफाम GB तथा सहमति गैंडाकोट बीच जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रमका लागि नयाँ अवधि अप्रिल २०१५ देखि मार्च २०१६ सम्मको लागि सम्झौता सम्पन्न ।
- अर्खला, नरम, जौवारी र भारतीपुर गाविसस्थित सहकारी संस्थाहरुका लागि प्रशासनीक अनुदान सहयोग सम्बन्धी सम्झौता सम्पन्न ।
- मुकुन्दपुरस्थित युग चेतना नारी बचत तथा ऋण सहकारी संस्थासँग सहकार्य गरी SRI प्रविधि कृषक सदस्यहरुमा विस्तार गर्नका लागि सम्झौता सम्पन्न ।
- अर्खला, मिथुकरम, नरम, रुचाङ र वुलिङटार गाविसमा १२ थान प्लाष्टिक टनेल १२ जना कृषकलाई वितरण ।
- गत कार्यक्रम अवधिमा तयार भएको मुकुन्दपुरस्थित SRI प्रविधि नमूना परीक्षण अनुसन्धानमूलक प्रतिवेदन सार्वजनिकिकरण गोष्ठी मुकुन्दपुरमा सम्पन्न ।
- कार्यक्षेत्रका सबै सहकारी संस्थाहरुको लेखा परीक्षण पूर्व तयारीमा सहजिकरण सहयोग ।

### लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१०

देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- १० वटा सहकारी शिक्षा शिविर सम्पन्न भए जसमा १०५४ जना महिला तथा युवा महिलाहरुको सहभागिता भएको छ ।
- कार्यक्षेत्रका २० वटा सहकारीका कर्मचारीलाई आंशिक तलव खर्च सहयोग ।
- २० वटा गा.वि.स.मा राष्ट्रिय सहकारी दिवस मनाउने कार्य सम्पन्न जसमा २३९० जना महिला तथा युवा महिलाहरुको सहभागिता भएको छ ।
- वचत तथा ऋण सहकारी संघ सिन्धुलीलाई संस्थागत सहयोग ।
- कार्यक्षेत्रमा संयुक्त अनुगमन भ्रमण सम्पन्न भएको छ । जसमा स्थानीय विकास अधिकारी, राजनितिक दलका प्रतिनिधि, पत्रकार सहित १५ जनाको उपस्थिति रहेको थियो ।
- जिल्ला युवा महिला सञ्जाललाई सवालमा आधारित कार्यक्रममा सहयोग ।
- ५ वटा गा.वि.स. मा युवा सूचना केन्द्र स्थापनामा सहयोग ।
- मानवीय मूल्यमा आधारित तालिम सम्पन्न, जसमा २२ जना युवा महिलाहरुको सहभागिता ।
- कार्यक्रमको त्रैमासिक समीक्षा बैठक तथा पाँच वर्षीय समिक्षा कार्यक्रम सम्पन्न ।
- सहकारी अभियान नामक साप्ताहिक रेडियो कार्यक्रम सम्पन्न । जुन त्रैमासिकसम्ममा १३ पटक प्रसारण ।
- जिल्ला युवा महिला सञ्जाल सिन्धुलीको बार्षिक वुलेटिन प्रकाशन ।
- ३ वटा सहकारी संस्थालाई कम्प्युटर, प्रिन्टर र युपियस सहयोग ।
- महिला सहकारी संस्था र युवा संस्थाहरुको संस्थागत विकासका लागि नियमित सहजिकरण सहयोग एवं परामर्श प्रदान ।

### ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ६ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- अर्खला, बुलिङटार, रतनपुर र गैंडाकोट ढोडेनीमा रहेका सहकारीहरुमा तीन दिने ऋण व्यवस्थापन तालिम सम्पन्न ।
- रतनपुर र बुलिङटार गाविस तथा गैंडाकोट नगरपालिका ढोडेनीमा विदेश गएका युवाहरुको परिवारहरुलाई विप्रेशण व्यवस्थापनका लागि वित्तिय साक्षरता शिविर सम्पन्न । जसमा ७७ महिलाहरुको सहभागिता ।
- कार्यक्षेत्रका युवा आप्रवाशन सूचना केन्द्रले आ-आफ्नो गाविसमा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा युवा सम्बन्धी कार्यक्रमहरु सम्पन्न ।
- रतनपुर गाविसमा रहेको दमार केरा खेती समूहले व्यवसायिक रुपमा लगाईएको केरा खेतीबाट उत्पादन हुन थालेपछि कृषकहरु बिक्री वितरण तर्फ जोड ।
- कार्यक्षेत्रका युवा आप्रवासन सूचना केन्द्रहरुले वैदेशिक रोजगार सम्बन्धी साप्ताहिक परामर्श निरन्तर सञ्चालन ।
- रतनपुर र बुलिङटारमा रहेका युवा आप्रवासन सूचना केन्द्रको दीर्घकालिन कार्ययोजना गोष्ठी सम्पन्न । जसमा ४३ जना युवाहरुको सहभागिता ।
- कार्यक्षेत्रका पाँच गाविस र एक नगरपालिकाको ढोडेनीमा रहेका १५० भुकम्प प्रभावित घरपरिवारहरुलाई पहिलो चरणमा त्रिपाल, गुन्द्री, झुल, ब्ल्याङेट र निर्माण सम्बन्धी औजारहरु र दोस्रो चरणमा अस्थायी टहरा निर्माणका लागि निर्माण सामाग्रीहरु जस्तापाता, फलाम, पाईप र यस्मा लाग्ने विभिन्न जे.हुक, जि.आई.तार, वासर आदि राहत स्वरुप वितरण गरिएको र उक्त राहत सामाग्रीबाट प्रभावित परिवारले अस्थायी टहरा निर्माण गर्दै ।
- बुलिङटार गाविस वार्ड नं., पिपलछापमा तीनदिने बङगुरपालन तालिम सम्पन्न । जसमा २९ जना कृषकहरुको सहभागिता ।
- रतनपुर गाविस वार्ड नं. ५ बसेनीमा ३ दिने बाखापालन तालिम सम्पन्न । जसमा २७ जना कृषकहरुको सहभागिता ।

### दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, बाग्लुङ्ग/म्याग्दी

बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तिय सेवाको पहुँचमा वृद्धि गरी उनीहरुको दिगो आयस्रोतको विकासमा सहयोग गर्ने उद्देश्यका साथ प्लान नेपाल र सहमतिको साझेदारीमा सन् २०११ डिसेम्बर देखि संञ्चलित **"स्वावलम्बी समूहहरु तथा महिला सहकारी प्रवर्द्धन कार्यक्रम**ले दलित तथा अपाङ्गता घर परिवारका महिलाहरुलाई समूह र सहकारीमा आबद्ध गराई उनीहरुको जीवनस्तर बृद्धि गर्न उल्लेखनीय भूमिका खेलेको छ । सहकारीमार्फत सरल व्याजदरमा ऋण प्रवाह गर्न सहजीकरण गरी विभिन्न आयमूलक क्रियाकलाप सञ्चालनद्वारा लक्षित वर्गको आर्थिक स्थिति सुधार, पहुँचमा वृद्धि र नेतृत्व विकास गरी दिगो आयस्रोतको विकासमा सहयोग गर्न यस कार्यक्रमले महत्वपुर्ण भूमिका खेलेको पाइन्छ ।

- ११,७८९ महिलाहरु ५३० स्वाबलम्बी समुहहरुमा आवद्ध जसमा ४५५६ दलित, २०९४ जनजाति र ५,१३९ अन्य सहभागी रहेका । त्यसैगरि ९६८ अपाङता परिवार र ६३९ जना एकल महिला समुहमा सहभागी ।
- सहकारीको व्यवस्थापनलाई चुस्त दुरुस्त राख्नका लागि पैयुँपाटा गाविस र अमलाचौर गाविसमा सहकारी व्यवस्थापन तालिम संचालन गरिएको जसमा ४६ जना (दलित १६ र अन्य ३० जना) सहभागी ।
- वलेवा क्षेत्रलाई तरकारीको पकेट क्षेत्रको रुपमा विस्तार गर्नका लागि दुई दिने तरकारी उत्पादन तालिम ३ पटकसम्म सम्पन्न जसमा ७५ जना सहभागी जसमध्ये दलित २५, जनजाति १ र अन्य ४९ जना सहभागी गराईएको ।

- खुड्गा स्थित सहकारीमा व्यवसायिक योजना तर्जुमा तालिम सम्पन्न जसमा २९ जना सहभागी जसमध्ये दलित १०, जनजाति ८ र अन्य ११ सहभागी रहेका ।
- नरेठाँटी गाविसलाई शतप्रतिशत घरधुरी सहकारीमा आवद्ध गाविस घोषणा सम्पन्न । उक्त गाविसमा रहेका सबै ६७५ धरधुरी सहकारीमा आवद्ध हुन सफल ।
- १८ वटा सहकारीमा ११,१९१ शेयर सदस्यहरु औषतमा ६२२ शेयर सदस्य प्रति सहकारी रहेका । ११,१९१ शेयर सदस्य मध्ये ३,९३८ दलित, २,०३५ जनजाति र ५,१२८ अन्य सहभागी । ९७१ अपाङता परिवार र ६५६ एकल महिला सहकारीमा आवद्ध रहेका ।
- १८ वटै सहकारीमा गरी हाल रु.१८,४५१,३४५।- शेयर पुँजी र रु.४,६९,४३,१५५।- बचत गरी हाल रु.६,९४,४७,६६९।- लगानीमा रहिरहेको । उक्त लगानी ४०६९ शेयर सदस्यहरु माझ विभिन्न उद्देश्यका लागि लगानी गरिएको ।
- ३३६ जना व्यवसायिक कृषकहरुले ३५२ रोपनी क्षेत्रफलमा विभिन्न मौषमी तथा बेमौषमी तरकारी उत्पादन गरि जम्मा ८३ लाख बराबरको आम्दानी लिन सफल ।
- संस्थाबाट उपलब्ध गराईएको १५४ टनेल र अरु व्यक्तिगत र विभिन्न संघसंस्थाको सहयोगमा हाल ४२९ वटा टनेल कार्यक्षेत्रमा रहेको जसबाट औषत रु.२३५००।- रुपैयाँ प्रति टनेल आम्दानी गर्न सफल ।
- भुकम्प पीडित लाई सहयोग गर्ने उद्देश्यले विभिन्न ७ सहकारी र सहमतिको तर्फबाट जिल्लामा सर्वप्रथम एकमुष्ठ रु. ५०,६३५।- जिल्ला दैविक प्रकोप उद्धार समितीलाई हस्तान्तरण गर्न सफल ।

**अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम**

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाको सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका ५ गाविस (डाँडाझेरी, जौवारी, अर्खला, नरम र रुचाङ्ग) र तनहुँको ७ गाविस (धरमपानी, वैदी, छिपछिपे, छिम्केश्वरी, आवुखैरनी, देउराली र बन्दीपुर) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य सुन्तला उत्पादक किसानहरुको आम्दानी ३०% ले वृद्धि गर्ने रहेको छ ।

- उन्नत सुन्तला खेती प्रविधि तालिम-२ वटा (३ दिने तालिम)
- ३५ जना कृषकहरुको सहभागीतामा नवलपरासी जिल्लाको नरम गाविसमा सम्पन्न ।
- ३० जना कृषकहरुको सहभागितामा तनहुँ जिल्लाको बन्दिपुरमा सम्पन्न
- बजार व्यवस्थापन तालिम-२ वटा (३ दिने तालिम) ।
- नवलपरासी जिल्लाको जौवारी गाविसमा ३० जना कृषकहरुको सहभागितामा सम्पन्न ।
- तनहुँ जिल्लाको बन्दिपुरमा ४० जना कृषकहरुको सहभागितमा सम्पन्न ।
- व्यवसायिक योजना तथा नीति तर्जुमा गोष्ठी (४ दिने) तनहुँ जिल्लाको आवुखैरेनी गाविसमा ३० जनाको सहभागितामा सम्पन्न ।
- ६,००० सुन्तला तथा कागतिका बेर्ना वितरण

  नवलपरासीमा : ३,६५० वटा
  तनहुँ जिल्लामा : २,३५० वटा
  लाभान्वित : २७० घरधुरी

- तनहुँ जिल्लाको छिपछिपे-४ मा हुरेनखोला सिञ्चाई आयोजना निर्माण । जिल्ला कृषि विकास कार्यालय, सहमति, साहस नेपाल तथा समुदायको सहकार्य तथा योगदानमा सिञ्चाई आयोजना निर्माण जम्मा २८ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित ।
- तनहुँ जिल्लाको आवुखैरेनी गाविस पतेनी-३ मा सहमति तथा समुदायको सहकार्यमा १ वटा सुन्तला संकलन केन्द्र निर्माण सम्पन्न । ४५ घरधुरी सुन्तला कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने ।
- प्याकेजिङ तथा हार्भेटिङ सम्बन्धि कृषि सामाग्रीहरु (क्रेट, फ्रुट क्लिपर, सिकेचर र हार्भेष्टिङ, ब्याग) तनहुँ र नवलपरासीको १० सुन्तला समूहमा वितरण ।

**बालिका शक्ति परियोजना, म्याग्दी**

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ्ग, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ्ग, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पाल्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कुल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मूख्य उद्देश्य वित्तीय स्रोत र जीविकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- लुलांग, निष्कोट र वेगखोला गाविस औपचारिक रुपमा पूर्ण सहकारीयुक्त गाविस घोषणा । यसअघि घोषणा भएका कुईनेमंगले, दग्नाम, झिँ सहित गरेर औपचारिक रुपमा पूर्ण सहकारीयुक्त गाविस घोषणा भएका गाविस ६ वटा पुगेका छन भने पाल्लेखेत र चिमखोला गाविसका पनि सबै घरधुरी महिला सहकारीमा आवद्ध । यसरी गाविसभित्रका सबै घरधुरी सहकारीमा समावेश भएका गाविस संख्या २० मध्ये ८ पुगेको छ । साथै मुदी, दाना तथा बाबियाचौर गाविसका ९५ प्रतिशतभन्दा बढी घरधुरी सहकारीमा आवद्ध भईसकेका ।
- महिला सहकारीहरुले भूकम्प प्रभावितहरुका लागि रु.१,२३,५१५।- संकलन भई सहमतिका तर्फबाट रु.१५,०००।- थप गरी रु.१,३८,५१५।-(अक्षेरुपी एक लाख अठ्तिस हजार पाँच सय पन्ध्र) जिल्ला विपद् व्यवस्थापन समिति म्याग्दीको बैंक खाता जम्मा गराई रकम जम्माको भौचर तथा रकम योगदान गर्ने महिला सहकारीहरुको नाम ठेगाना एवं रकम उल्लेख भएको विवरण प्रमुख जिल्ला अधिकारी श्री टेक बहादुर केसीलाई हस्तान्तरण
- १,०७९ जना महिलाहरु १,८९३ रोपनी क्षेत्रफलमा व्यवसायिक खेतीमा संलग्न । जसमध्ये युवा महिलाहरु १७५ जना, दलित २०६, जनजाति ५४७, बाहुन क्षेत्री ३२६ रहेका । साथै ९६ जना अपांगता परिवार र १९ जना एकल महिला रहेका ।
- कार्यक्षेत्रका कुल घरधुरी ११,५१० मध्ये ६७ प्रतिशत अर्थात् ७,६७१ घरधुरी समूह तथा सहकारीमा संगठित भएका छन् भने कार्यक्षेत्रको कुल जनसंख्या ५०,९०३ मध्ये ६८ प्रतिशत कुल लाभान्वित जनसंख्या ३४,४२७ रहेको ।
- सबै २० सहकारीमा आवद्ध समूह संख्या ३३६, समूहमा आवद्ध महिला संख्या ८,३९९ जना, बचत रु.४,६७,५५,१३७।- शेयर पूँजी रु.२,१८,८१,०००।- सदस्य ऋण लगानी रु. ६,६६,१८,०००।- तथा कुल कारोबार रु.८१२७१६५७।- पुगेको ।

- कार्यक्षेत्रमा हाल गैरकृषिजन्य उद्यम तथा कृषिजन्य उद्यममा संलग्न संख्या १,१४६ जना रहेको तथा रु.९९,४०,०००।- (अक्षेरुपी उनान्सय लाख चालिस हजार) आम्दानी लिन सफल
- ९६ वटा युवा महिला समूहहरु गठन
- विपन्न ३२ जना व्यवसायिक कृषकलाई ३२ वटा प्लाष्टिक घर उपलब्ध गराएपछि थप १६ वटा प्लाष्टिक घर कृषकले स्वलगानीमा खरिद गरी व्यवसायिक तरकारी खेती विस्तार गरेका ।
- म्याग्दीको विकट र विपन्न गाविस लुलांगमा नि:शुल्क प्रजनन स्वास्थ्य शिविर सम्पन्न । जिल्ला विकास समिति म्याग्दीसँगको सम्झौता र आर्थिक सहयोगमा जिल्ला स्वास्थ्य कार्यालय म्याग्दीको प्राविधिक सहयोग लिई सम्पन्न शिविरबाट ४६६ जनाले प्रत्यक्ष रुपमा नि:शुल्क स्वास्थ्य सेवा लिएका ।
- जिल्ला विकास समितिको संयोजनमा परियोजनाबाट कार्यक्षेत्रमा सञ्चालित गतिविधिहरुको संयुक्त अनुगमन टोलीबाट अनुगमन सम्पन्न
- २० गाविस रहेका २० युवा महिला संस्थाले बाल विवाह न्यूनीकरण, सामाजिक विकृति, विसंगति न्यूनिकरण तथा सरसफाईका क्षेत्रमा सम्बन्धित गाविसहरुमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन ।
- देउराली महिला बचत तथा ऋण सहकारी झिँले आफ्ना शेयर सदस्यहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुको सहकारी अन्तर्गत् एक संकलन र व्यवस्थापन उपसमिति गठन गरी बजारमा पठाउन सुरु, शेयर सदस्यहरु थप उत्पादनतर्फ आकर्षित, संकलन केन्द्र निर्माणका लागि विभिन्न सरोकारवाला निकायसँग छलफल सुरु ।

**जलवायु अनुकूलन गाँउ-कीर्तिपुर :**

सहमति र प्राक्टिकल एक्सनको साझेदारीमा सन् २०१४ अक्टोवरदेखि नवलपरासी जिल्लाको देवचुली नगरपालिका-३ अन्तर्गत कीर्तिपुर गाउँमा यस परियोजना सञ्चालनमा रहेको छ । यस परियोजनाको मूख्य उद्देश्य एकीकृत सामुदायिक अवधारणामा आधारित जलवायु अनुकुलनको हिसावले कीर्तिपुर गाउँलाई नमूना गाँउको रूपमा विकास गर्ने ।

- नियमित मासिक रुपमा ४ पटक कृषक पाठशाला सञ्चालन जसवाट हालसम्म ३०० भन्दा बढी कृषक लाभान्वित ।
- निर्माणकर्मीहरुलाई ३ दिने भुकम्प प्रतिरोधात्मक भवन निर्माणसम्वन्धी तालिम सम्पन्न ।
- ६ मिटरको अग्नि रेखा निर्माण ।
- सिञ्चाई कुलो योजना विस्तार, संरक्षण र प्रकोपबाट (पहिरो, आगो) ।
- सामुदायिक वनमा आधारित उपभोक्ता समूहहरुलाई पानी मुहान संरक्षणसम्बन्धी तालिम ।
- १ दिने फलफूल (आँप, लिचि) तथा तरकारी खेती सम्बन्धी तालिम सम्पन्न ।
- फलफूलको विरुवा रोपण कार्य सम्पन्न ।
- व्यवहारिक प्रयोजनका लागि बीउबिजन सहयोग एवम् सञ्चाई कुलो विस्तार

**नेपाल, भारत सीमा बाढी उत्थानशील समुदाय परियोजना**

सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा मार्च २०१५ देखी नवलपरासी जिल्लाको बाढी प्रभावित ८ गाविसहरु क्रमश: त्रिवेणी सुस्ता, कुडिया, नर्सही, पकलीहवा, रुपौलिया, गुठी प्रसौनी, सोमनी र भुजहवा मा यस परियोजना संचालीत छ । यस परीयोजनाको मुख्य उद्देश्य समुदायमा बाढीबाट पर्ने असरहरुलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने । वाढीको खतराबाट पर्न सक्ने प्रभाववाट अनुकुलन गर्ने क्षमता अभिवृद्धि गर्ने । यस अवधीमा भएका प्रगतिहरु यस प्रकार रहेका छन

- जिल्लास्तरीय एवम् गा.बि.स स्तरिय परियोजना शुभारम्भ कार्यशाला
- स्थानीय र समुदायस्तरीय विपद् व्यवस्थापन समिति गठन
- स्थानीय कार्यदलहरुलाई क्षमता अभिवृद्धि तालिम
- समुदायस्तरीय विपद् व्यवस्थापन योजना निर्माण
- जीवन रक्षा सम्बन्धी सामाग्री वितरण
- पूर्वसूचना सामाग्री वितरण (स्मार्ट फोन वितरण)
- समुदायस्तरमा बाढी सम्बन्धी कृत्रिम पूर्व अभ्यास
- जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक
- आधारभुत सर्वेक्षण तथा जिविकोपार्जन बिश्लेषण
- समुदाय स्तरिय पूर्व सूचना प्रणाली सम्वन्धि निर्देशिका तयार

**नगदमा आधारित परियोजना (Cash Based Project) कार्यक्रम**

सिन्धुपाल्चोक जिल्लाको १२ गाविस र दोलखा जिल्लाको १५ गाविसमा सहमति र प्लान नेपालको साझेदारी नगदमा आधारित परियोजना मा सञ्चालन भइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य भुकम्पबाट प्रभावित क्षेत्रमा भग्नावशेष हटाउने, अस्थायी सिकाई केन्द्र स्थापना, सार्वजनिक सेवाहरु सुचारु गर्न सामुदायिक पूर्वाधारको मर्मत तथा सम्भार गर्ने र अत्यावश्यक जीवन निर्वाह एवं आयआर्जनमा सहयोग पुऱ्याउने रहेको छ ।

- परियोजना सञ्चालन हुने १२ गावि स हरुमा कार्यक्रम अभिमुखीकरण गोष्ठी सम्पन्न ।
- कार्यक्षेत्रभित्रका गाविसहरुमा भुकम्पीय क्षति सम्बन्धी आधारभूत तथ्याङ्क संकलन तथा लाभान्वित घरधुरी छनोट कार्य सम्पन्न ।
- छनोट भएका घरधुरीलाई शीघ्र लाभका लागि निसर्त र ससर्त अनुदान स्वरुप निम्न बमोजिम नगद हस्तानतरण कार्य सम्पन्न ।
- नगद हस्तान्तरण भैसकेका गा.वि.स.हरु: भोटसिपा, भिमटार, सिपापोखरे, नवलपुर, बांडेगाँऊ, लर्गाचे हस्तान्तरण भएको रकम ( सिन्धुपाल्चोक जिल्ला)
- निसर्त नगद अनुदान -प्रति परिवार एकमुष्ठ र १५,०००।- का दरले ६ गाविसका जम्मा ३५९ परिवारलाई जम्मा रु ५३,८५,०००।- नगद हस्तान्तरण )
- ससर्त (कामका लागि नगद) अनुदानप्रति परिवार रु ५,०००।- ( प्रथम किस्ता) का दरले १,०६४ परिवारलाई जम्मा रु ५३,२०,००० ।- नगद हस्तानतरण
- ससर्त नगद अनुदानबाट लाभान्वित सदस्यहरुको सहभागितामा विद्यालय, खानेपानी, स्वास्थ्यचौकी, सिंचाई कुलो र सडकमा भएका भग्नावशेष सरसफाई तथा व्यवस्थापनका लागि कार्यक्षेत्र भित्रका गा.वि.स. हरुमा जम्मा ६३ वटा सामुदायिक विकास परियाजना सञ्चालनमा रहेको
- परियोजना सम्बन्धी समुदायको सुझाव, गुनासो र प्रतिक्रिया बुझ्न प्रत्येक गाविमा सुझाव पेटिका राखिएको ।

**आयाम परियोजना:**

सहमति र केयर नेपालको साझेदारीमा अप्रिल २०१५ देखी नवलपरासी जिल्लाको १५ गाविसहरु गैंडाकोट, मुकुन्दपुर, अमरापुरी, रतनपुर, कोटथर, डाडाँझेरी, बुलिङटार, रजहर, दिव्यपुरी, देवचुली, प्रगतिनगर, पिठौली, कावासोति, अग्यौली, कोल्हुवा मा यस परीयोजना संचालीत छ । यस परीयोजनाको कार्यालय सहज सामुदायीक अस्पताल गैंडाकोट-४ मा रहेको छ । यस परीयोजनाको मुख्य उद्देश्य सीमान्तकृत महिलाहरुलाई स्वास्थ्य र जीविकोपार्जनमा सुधारद्वारा सशक्तिकरण गर्ने । यस अवधीमा भएका प्रगतिहरु यस प्रकार रहेका छन ।

- स्वास्थ्य आमा समूहहरुको प्रोफाइल तयारी
- महिला स्वयंसेविकाहरुको प्रोफाइल तयारी
- १५ वटा महिला सहकारीहरुको छनौट गरी उनीहरुको क्षमता अभिबृद्धिका लागि सहकारी व्यवस्थापन तथा व्यवसायिक योजना विकास प्रशिक्षक प्रशिक्षण तालिम ।
- परिवार नियोजन, सुरक्षीत मातृत्व, पोषण, पशुपंक्षीजनित रोगहरु, पेशागत सुरक्षासंग सम्बन्धित विषयहरुको मिडियाकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- परिवार नियोजन, सुरक्षित मातृत्व, पोषण, पशुपंक्षीजनित रोगहरु, पेशागत सुरक्षतासंग सम्बन्धित रेडियो कार्यक्रम विकास तथा प्रसारण ।
- सामुदायिक स्वास्थ्य प्राप्ताङ्क बोर्डको प्रक्रियाकोबारेमा जिल्ला जनस्वास्थ्य कार्यालयमा बैठक सम्पन्न ।
- व्यक्तिगत तथा मौसमी सरसफाई विषयमा स्वास्थ्य आमा समूहमा महिला स्वयंसेविकाहरुबाट छलफल तथा हातधुने कार्यक्रम प्रदर्शनी साथै स्वास्थ्य किट स्वास्थ्य आमा समूहलाई हस्तान्तरण ।

**सहमति अध्ययन केन्द्र**

- सहमति अध्ययन केन्द्र गतिविधि :
  तालिम सञ्चालन अवधि : ३१ दिन
  जम्मा सहभागी : ३४२ जना
  महिला : १५३ जना
  पुरुष : १८९ जना
  आयोजक संस्था : राष्ट्रिय गैर सरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था/नेपाल सरकार अन्तर्गत विभिन्न विभाग तथा कार्यालयहरु ।

**सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी**

- जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीको प्राविधिक सहयोग, गैंडाकोट स्वास्थ्य चौकी र गैंडाकोट नगरपालिकाको समन्वयमा सहज सामुदायिक अस्पताल प्राङ्गणमा नि:शुल्क खकार जाँच शिविरको आयोजना गरिएको थियो जसमा ६५ जना संकास्पद क्षयरोगका विरामीहरुले निशुल्क खकार जाँच गराएका थिए ।
- जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीबाट सहज सामुदायिक अस्पताललाई माइक्रोस्कोपिक तथा DOTs केन्द्रको रुपमा स्वीकृति प्रदान गरी अस्पतालमा नै संकास्पद क्षयरोगका विरामीहरुको नि:शुल्क खकार जाँच गर्ने कार्यक्रम सञ्चालन भैरहेको छ ।
- सहज सामुदायिक अस्पतालका कर्मचारीहरुलाई अस्पताल व्यवस्थापन सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम पितौजीघाट स्वाथ्य चौकीका प्रमुख श्री याम बहादुर क्षेत्रीको सहजीकरणमा सञ्चालन गरिएको थियो ।
- अस्पतालक इमरजेन्शी सेवामा आवश्यक एक हेल्थ अशिस्टेन श्री विजय पाण्डेलाई नियुक्ति गरिएको छ ।
- सहज सामुदायिक अस्पतालका व्यवस्थापन समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई मानवीय मूल्य विकास विषयक एक दिने अभिमुखीकरण कार्यक्रम सामाजशास्त्री तथा मानवशास्त्री डा. हरिहर आचार्यको विशेष उपस्थितीमा सञ्चालन गरिएको थियो ।
- अस्पतालको व्यवस्थापनलाई प्रभावकारी गराउनका लागि कर्मचारीहरुलाई आवश्यक क्षमता अभिबृद्धि गर्ने उद्देश्यले SES जर्मनबाट Pro. Dr. Martin Hansis अस्पतालमा ३ हप्ताको लागि आउनु भएको थियो । साथै व्यवस्थापन समिति र कर्मचारीहरुलाई अस्पताललाई चुस्त दुरुस्त सञ्चालनका लागि आवश्यक सल्लाह सुझाव एवम् प्रस्तुतीकरण समेत गर्नु भएको थियो ।
- यस अवधिमा सहज सामुदायिक अस्पताल प्रङ्गणमा २७९ जनालाई निशुल्क खोप सेवा प्रदान गरिएको छ ।
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ, वरिष्टि बालरोग विशेषज्ञ, वरिष्ट स्त्री तथा प्रशुती रोग विशेषज्ञ सहित अत्याधुनिक उपकरणहरुबाट स्वास्थ्य जाँच सेवा निरन्तर सञ्चालन ।

**केन्द्रीय कार्यालय गतिविधि:**

- २०७२ वैशाख १२ को महाभूकम्प तथा त्यसपछिका नियमित शक्तिशाली पराकम्पनहरुद्वारा भएको राष्ट्रव्यापी क्षतिग्रस्त स्थानहरुमा सहमतिद्वारा मानवीय सहयोगका लागि राहत सामाग्री वितरण र जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत प्रधानमन्त्रि राहत कोषमा नगद सहयोग ।
- त्रिवेणीसुस्ता र गुठीप्रसौनी गाविसलाई खूल्ला दिशामूक्त क्षेत्र घोषणा अभियानमा सहयोग ।
- गैंडाकोट गाविसलाई पुर्ण साक्षर,पुर्ण खोप एवम् नवलपरासी जिल्ला पुर्ण साक्षर जिल्ला घोषणा अभियानमा सहयोग ।
- नेपालको संविधान,२०७२ प्राम्भिक मस्यौदा उपर राय संकलन लागि विभिन्न संघसंस्थाहरुबीच संविधानमा सुधार गर्नुपर्ने विषयवस्तूहरु र त्यस्को कारणसहितको सुझाव गैंडाकाट न.पा. मार्फत संविधानसभा नागरिक सम्वन्ध तथा संविधान सूझाव समितिमा पठाइएको ।
- सहमति अध्ययन केन्द्रको आवासमा लगायत सुविधाहरुलाई अझ बढी गुणस्तरिय एवम् सिकाई मैत्री वनाई विज्ञापन एवम् प्रचारप्रसारमा वृद्धि ।
- आन्तरिक लेखा परीक्षण २०७१/२०७२ सम्पन्न ।
- सहमति संस्थाका अध्यक्ष श्री रत्नप्रसाद सापकोटाज्यू तथा सल्लाहकार समितिका संयोजक श्री केशवप्रसाद सापकोटाज्यूका ममतामयी माता एवम् साधारण सदस्य श्री सविना सापकोटाज्यूका हजुरआमा श्री द्रोपदा सापकोटा (देउरुपा) को मिति २०७२ श्रावण ११ गते ९४ औं वर्षमा भएको दु:खद निधन । यस दु:खद घडीमा २०७२ श्रावण १२ गतेका लागि कार्यालय बन्द रहेको व्यहोरा जानकारी ।
- संस्थाका महासचिव एवं केन्द्रीय कार्यक्रम प्रवन्धक श्री अशोकराज पोखरेल Community Based Micro Finance for Financial Inclusion कोर्समा ३-१९ जून २०१५ सम्म कोडि इन्टरनेशनल इन्स्टिच्युट क्यानाडामा सहभागी ।

❖❖❖

# भुकम्प प्रभावित समुदायलाई संस्थागत एवं कार्यक्रमगत रुपमा सहयोग एवम् राहत सामाग्री वितरणका केहि झलकहरु



संस्थाका अध्यक्षद्वारा प्रमुख जिल्ला अधिकारीलाई जिल्ला दैवि प्रकोप उद्धार समितिमा नगद हस्तान्तरण गर्दै, नवलपरासी



संस्थाका अध्यक्ष रत्न प्रसाद सापकोटा र अर्खला गा.वि.स. का सचिव घनश्याम ज्ञवालीद्वारा भूकम्प प्रभावित परिवारलाई राहत सामग्री वितरण गर्दै, नवलपरासी



कोटथर तथा डाँडाझेरी गा.वि.स.का भूकम्प प्रभावित परिवारहरुले राहत निर्माण सामग्री लिदैं, न.प.



भूकम्पले भत्काएको घरको भग्नावशेष पन्छाउदै अर्मन गा.वि.स., म्याग्दी



भूकम्प पीडितका लागि सहयोग रकम हस्तान्रण पश्चात प्र.जि.अ.टेकबहादुर के.सी.सँग महिला दिदीबहिनीहरु, म्याग्दी



भूकम्पका कारण खुख्खा पहिरोको कारण थुनिएको कालीगण्डकी नदी, म्याग्दी



भुकम्प पीडितहरुलाई सहयोग सम्बन्धमा सहमति, सहकारीकर्मी र प्रमुख जिल्ला अधिकारी बीच छलफल गर्दै, बाग्लुङ



बुलिङ्टार गा.वि.स.पिपल छापका भूकम्प प्रभावित परिवारले अस्थायी टहरा निर्माण गर्दै, न.प.



प्लान नेपालबाट भूकम्प पिडीतका लागि राहतका सामग्री लगिदै, वागलुङ



समान कामका लागी समान ज्याला वमोजिम भग्नाबषेश व्यवस्थापनमा सहभागी हुदै महिलाहरु, सिन्धुपाल्चोक



अर्खला गा.वि.स.तल्लो अर्खलाका भूकम्प प्रभावित परिवारले अस्थायी टहरा निर्माण गरेको, नवलपरासी



भूकम्पका कारण भत्किएको गुम्बा सरसफाई गर्दै, दोलखा



संरचना भत्किए पनि साहस अझै ढलेको छैन.....समुदायको होस्टेमा हैसे मिलाउदै, सिन्धुपाल्चोक ।

प्रेषक

**सहमति**

गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट